पान नं. : ३०३०१७०६०

डि.स.का. दर्ता नं. : १६८७/२०६४/०६५

"उद्यमशीलता विकास र दीगो आर्थिक लक्ष्य प्राप्तिका लागि नव सृजनशील"

१८औं

# वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन-२०८२

भदौ २१ गते, शनिबार

डिजिटल प्रतिवेदन

## नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.

NAWA SRIJANSHIL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

का.म.न.पा.-७, गणेशस्थान मार्ग
चाबहिल, काठमाडौं
०१-४५९७२८८, ४५७४९१४

Email: info@nawasrijanshil.com
Nawa Srijanshil
www.nawasrijanshil.com

## सल्लाहकारहरू

| | |
|---|---|
| केशवराम नेपाल | सल्लाहकार |
| टिकादत्त भट्टराई | सल्लाहकार |
| नारायण प्रसाद आचार्य | सल्लाहकार |
| केशर सिन्चुरी | सल्लाहकार |
| सालिकराम पौडेल | सल्लाहकार |

## संचालक समिति

| | |
|---|---|
| विश्वनाथ अर्याल | अध्यक्ष |
| राम प्रसाद लुईटेल | उपाध्यक्ष |
| विजया लामिछाने | सचिव |
| दामोदर सापकोटा | कोषाध्यक्ष |
| इन्द्रमणी नेपाल | संचालक सदस्य |
| प्रदिप रिसाल | संचालक सदस्य |
| एककृष्ण पराजुली | संचालक सदस्य |
| गोमा पराजुली | संचालक सदस्य |
| मुक्तिनाथ पराजुली | संचालक सदस्य |

## लेखा सुपरिवेक्षण समिति

| | |
|---|---|
| विश्वराज लामिछाने | ले.सु.स संयोजक |
| शारदा भट्टराई | ले.सु.स सदस्य |
| देवकी धिताल | ले.सु.स सदस्य |

## सेवा संपरिक्षण तथा पृष्ठपोषण उपसमिति

| | |
|---|---|
| राम प्रसाद लुईटेल | संयोजक |
| रामप्रसाद सापकोटा | सदस्य |
| – | सदस्य |

## शिक्षा तथा तालिम उपसमिति

| | |
|---|---|
| विजया लामिछाने | संयोजक |
| दिपक पुडासैनी | सदस्य |
| रोशन नेपाल | सदस्य |

## ऋण लगानी तथा असुली उपसमिति

| | |
|---|---|
| दामोदर सापकोटा | संयोजक |
| नेत्र प्रसाद धिताल | सदस्य |
| विष्णुलोचन नेपाल | सदस्य |

## जोखिम विश्लेषण तथा नव प्रवर्द्धन उपसमिति

| | |
|---|---|
| इन्द्रमणी नेपाल | संयोजक |
| सुर्दशन पौडेल | सदस्य |
| रमेश खत्री | सदस्य |

## सदस्य सुरक्षा तथा कल्याणकारी उपसमिति

| | |
|---|---|
| प्रदिप रिसाल | संयोजक |
| संजित नेपाल | सदस्य |
| प्रकाश अधिकारी | सदस्य |

## व्यवसाय प्रवर्द्धन तथा सञ्चार उपसमिति

| | |
|---|---|
| एककृष्ण पराजुली | संयोजक |
| शिव बा. रायमाझी | सदस्य |
| मधुसुदन बास्कोटा | सदस्य |

## महिला तथा उद्यमशीलता विकास उपसमिति

| | |
|---|---|
| गोमा पराजुली | संयोजक |
| कमला रिसाल | सदस्य |
| सुभद्रा सापकोटा | सदस्य |

## ऋण निरिक्षण तथा अनुगमन उपसमिति

| | |
|---|---|
| मुक्तिनाथ पराजुली | संयोजक |
| विमल नेपाल | सदस्य |
| रूपक नेपाल | सदस्य |

## कर्मचारीहरू

| | |
|---|---|
| अर्जुन अर्याल | व्यवस्थापक |
| अनिता नेपाल | ऋण अधिकृत |
| सुनिल राई | लेखा अधिकृत |
| सरिता बुढाथोकी | लेखापाल |
| विनिता नेपाल | कम्प्युटर सहायक |
| सरस्वती कोईराला आर्यल | सदस्य सेवा प्रतिनिधी |
| सानुमाया पुरी | सदस्य सेवा प्रतिनिधी |
| सरस्वती अधिकारी अर्याल | सदस्य सेवा प्रतिनिधी |
| सरस्वती अधिकारी न्यौपने | कार्यालय सहयोगी |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.
## NAWA SRIJANSHIL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

१८औं

# वार्षिक साधारण सभा

**भदौ २१ गते, शनिबार**

द.न. १६८७/०६४/०६५
प्यान नं. ३०३०१७०६०

"उद्यमशीलता विकास र दिगो आर्थिक लक्ष्य प्राप्तिका लागी नव सृजनशील"

आवद्धताको लोगो

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लि
# Nawa Srijanshil Saving & Credit Co-Operative Society Ltd.

नेफ्स्कून

मिति : २०८२/०४/१८ गते

प.स.- ०८२/०८३
च.न.- १९
श्री शेयर सदस्यज्युहरु,

**विषय : अठारौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

यस सहकारी संस्थाको मिति २०८२ श्रावण ५ गते बसेको संचालक समितिको २४३औं बैठकको निर्णय अनुसार संस्थाको १८औं वार्षिक साधारणसभाको कार्यक्रम देहाय बमोजिम संचालन हुने भएकाले उक्त सभामा यहाँको गरिमामय उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

**प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत गरिने आ.व. २०८१/०८२को वार्षिक प्रतिवेदन माथि छलफल तथा पारित ।
२. कोषाध्यक्षज्यू द्वारा प्रस्तुत गरिने आ.व. २०८१/०८२ को वार्षिक (आर्थिक) प्रतिवेदन माथि छलफल तथा पारित ।
३. लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजकज्यू द्वारा प्रस्तुत हुने आ.व. २०८१/०८२को वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित।
४. संस्थाको आ.व. २०८१/०८२ को वार्षिक लेखापरिक्षण प्रतिवेदन उपर छलफल तथा पारित ।
५. चालु आ.व. २०८२/०८३ को लागी संस्थाको नीति तथा कार्यक्रम सहितको बजेट प्रस्तुत तथा पारित ।
६. उत्कृष्ट सदस्य सम्मान, शैक्षिक सम्मान तथा पुरस्कार वितरण सम्वन्धमा ।
७. विनियम तथा आन्तरिक कार्यविधि र नीति संशोधन तथा पुनर्लेखन पारित गर्ने ।
८. संस्थाको चालु आ.व.२०८२/०८३ को लागी लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमीक तोक्ने सम्वन्धमा ।
९. आ.व. २०८१/०८२ मा संस्थाले आर्जन गरेको खुद मुनाफा बाट नगद लाभांस तथा संरक्षित पुँजिफिर्ता कोषको वितरण गर्ने सम्वन्धमा ।
१०. संस्थाको संचालक समितिबाट पारित नीतिहरुको अनुमोदन तथा आवश्यक नयाँ नीतिहरु तर्जुमाको लागी अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न आवश्यक प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।
१२. विविध ।

**साधारण सभाको कार्यक्रम**
मिति : २०८२ भाद्र २१ गते शनिबार
समय : विहान ८:०० बजे
स्थान : सुर्य इभेन्ट प्रा.लि., का.म.पा.-४, धुम्बाराही, काठमाण्डौं ।

.................
सञ्चालक समितिको आज्ञाले,
विजया लामिछाने
(सचिव)

पुनश्च :
१. संस्थाको १८औं वार्षिक साधारण सभामा उपस्थित हुनका लागि विगत १ वर्षदेखी अनिवार्य नियमित मासिक बचत गरि सदस्य पहिचान विवरण (KYM) अध्यावधिक गरेको हुनुपर्नेछ ।
२. शैक्षिक सम्मान तर्फ :- प्रमाणपत्र तह (+२) वा सो भन्दा माथि उत्कृष्ट अङ्क हासिल गरेका शेयर सदस्य वा निजका छोराछोरीहरू लाई शैक्षिक सम्मानको कार्यक्रम राखिएको हुँदा मिति २०८२ भाद्र १५ गते कार्यालय समय भित्र लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।
३. साधारणसभामा सहभागी हुनुहुने सदस्यज्यूहरूलाई परिवहन खर्चको व्यवस्था गरिएको छ ।

गणेश स्थान मार्ग, चावहिल -७, काठमाण्डौं
फोन नं. ०१-४५९७२८८, ४५७४९१४
www.nawasrijanshil.com
email:nawasrijanshil@gmail.com

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| अध्यक्षज्यूको प्रतिवेदन | ४ |
| कोषाध्यक्षज्यूको प्रतिवेदन | १३ |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | २५ |
| लेखा परिक्षण प्रतिबेदन | ३२ |

# १८औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्रीविश्वनाथ अर्यालद्वारा प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन

नव सृजनशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गरीमामय १८औं वार्षिक साधारण सभामा हाम्रो आमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू, मञ्चासिन आदरणिय व्यक्तित्वहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा परीक्षकज्यू, लेखा सुपरिवेक्षण समिति संयोजक एवं सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, उपसमिति सदस्यज्यूहरू, पत्रकार एवं पर्यवेक्षकज्यूहरू, संस्थाका आदरणिय शेयर सदस्यज्यूहरू, व्यवस्थापकज्यू एवं कर्मचारी साथिहरू, आदरणिय उपस्थित सम्पूर्ण मान्यवर व्यक्तित्वहरूमा म विश्वनाथ अर्याल यस संस्थाको अध्यक्षको तर्फ र व्यक्तिगत तर्फबाट यहाँहरू सबैमा हार्दिक नमस्कार एवं न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

*आदरणिय शेयर सदस्यज्यूहरू, उपस्थित महानुभावहरू,*

आज विश्व संसार सूचना र प्रविधिले घेरिएको छ । विश्व भूमण्डलिकरणले प्रविधिको प्रयोग र पहुँच सरल भएको छ । ट्रङ्क र टेलिग्राफको अभ्यास गरेर आएको हाम्रो पुस्ता अहिले प्रविधिको भुमण्डलिकरण  मार्फत AI सँग अभ्यस्त हुने कोशिस गरिरहेको छ । आजको यो भव्यता, विशालता हामीले गरेको कल्पनाभन्दा पर पुगिसकेको छ । हामीभन्दा अघिल्लो पुस्ता र आउँदै गरेको प्रविधिमैत्री नयाँ पुस्ताका बीचमा बसेर अहिले भइरहेका सबै कामहरू वैज्ञानिक छन्, सुन्दर र सुनौलो भविष्य उन्मूख छन् । प्रविधिमैत्री बनेर समूदायमा आधार बनाएर विगत १८ वर्षदेखि हामीले यो सहकारी संस्था सञ्चालन गरिरहेका छौं । आजको यो समयसम्म आउन आ-आफ्नु समयका सवल नेतृत्व प्रदान गर्नुहुने पूर्व अध्यक्षज्यूहरू लगायत सबै आदरणिय व्यक्तित्वहरूलाई सम्झिन चाहन्छु, धन्यवाद दिन चाहन्छु । साथै आउने दिनहरूमा यो साझा सम्पत्तिको सञ्चालन संरक्षण र सम्बर्द्धन गर्न नयाँ पुस्तालाई नेतृत्वका लागि तयार रहन आग्रह गर्न चाहन्छु । नेतृत्व एकै दिनमा बन्दैन, यो क्रमिक विकासको प्रकृया हो भन्ने अनुरोध पनि गर्न चाहन्छु । अहिले सहकारी नियमन निकाय र अभियानले **फिट फर प्रोपर टेस्ट** सहितको नेतृत्व विकास अभियान सञ्चालन गरिरहेका छन् । हुन सक्छ नेतृत्वमा आउन चाहने सदस्यहरूलाई यसले उचित सहयोग गर्नेछ । संस्थाले समेत सहजिकरण गर्ने हाम्रो प्रतिवद्धता रहेको छ ।

यो वर्ष पनि सहकारीको लागि समय चुनौति पूर्ण नै रह्यो । व्यापारिक प्रयोजनले खुले का केही सहकारीका सञ्चालकले गरेको अपचलनबाट सिर्जित समस्या विस्तारै समाधान तर्फ गईरहेको छ । सरकारले अधिकार सम्पन्न सहकारी नियमन प्राधिकरण गठन गरेको छ । प्राधिकरणले बचत तथा ऋणको प्रमुख कारोबार गर्ने सहकारीका लागि प्राथमिक तहको निर्देशन जारि गरी सकेको छ भने वित्तिय सहकारीका लागि राष्ट्र बैंकले समेत नियमन गर्ने गरी निर्देशिका जारी गरेको छ । अहिले यसको पालना गर्नुको विकल्प हामीसँग छैन । केन्द्रिय बैंकको नियमनमा रहेर वित्तिय सेवा सञ्चालन गर्नु सहकारीका सात सिद्धान्तमध्येको मेरुदण्ड "सहकारीको स्वतन्त्रता र स्वायत्तता" मेटिएको अवस्था हो भन्ने लागेको भएतापनि हामीले कानून, नियम र निर्देशनको

पूर्ण परिपालना गर्नु नै पर्छ। आशा छ सहकारी स्वेच्छिक, स्वनियमन मै अब्बल भएर समुदायमा स्थापित हुन पाउने छन् । यस वर्षबाट प्रविधिमैत्री र डिजिटल मिडियामैत्री सदस्यज्यूहरूको सहजताका लागि यस संस्थाको वार्षिक प्रतिवेदन **क्युआर कोड** मार्फत स्क्यान गरी पढ्न सकिने व्यवस्था गरिएको छ ।

यस वर्ष सहकारी ऐन २०७४को संशोधन भएको छ, राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन भएको छ । नियमन क्षेत्राधिकार परिर्वतन भएका छन्, FATF/APG ले नेपाललाई १६ ओटा रणनीतिक क्षेत्रहरूको सुधार गर्नुपर्ने भनि ग्रे लिस्टमा राखेको छ, सोमध्ये एउटा सुधार गर्नुपर्ने क्षेत्रका रूपमा सहकारी क्षेत्रलाई समेत राखेकोछ । सहकारी संस्थाबाट हुन सक्ने सम्भावित सम्पत्ति शुद्धिकरण निवारणका लागि नियमक निकाय सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा नेपाल राष्ट्र बैंकबाट समेत निरन्तर परिपत्र एवं निर्देशनहरू जारी भएका छन् । ति निर्देशनको पूर्ण पालना गर्नु हामी सबैको दायित्व हो । सोको कार्यन्वयनको शिलशिलामा हामी अघि बढेका छौँ । सीमा कारोबार, शंकास्पद कारोबार तथा अस्वभाविक कारोबारहरूको रिपोर्टिङ्ग गर्न डिजिटल एज नेपालसँग सहकार्य गर्ने निर्णय गरिएको छ । निष्कृय एवं संस्थामा नियमित सदस्यता पहिचानसमेत अध्यावधिक नगर्नु भएका १७७ जना सदस्यहरूको सदस्यता यस वर्ष खारेज गरिएकोछ । संस्थाको पुनर्लिखित विनियम २०६५ बमोजिम सदस्यहरूले गर्नुपर्ने अनिवार्य नियमित मासिक बचत नगरेमा, सदस्यता पहिचान विवरण समय समयमा अध्यावधिक नगरेमा, तथा निर्दिष्ट कानूनी व्यवस्था उल्लङ्घन गरेको ठहर भएमा समेत सदस्यता अन्त्य गर्नुपर्ने व्यवस्था बमोजिम आफ्नो पहिचान विवरण अध्यावधिक गर्न बाँकी सदस्यहरूले के.वाइ.एम फाराम भरी विवरण अध्यावधिक गरिदिनुहुन अनुरोध गर्दछौँ ।

असल नियत र व्यवहारिक सुझबुझसहित राज्यको कानूनको पूर्ण पालना गर्दै संस्था सञ्चालन गर्नु, आफ्ना आर्थिक गतिविधिहरू राज्यले तोकेको मापदण्ड र निर्देशनको पूर्ण परिपालना गरी सञ्चालन गर्नु चुनौतिपूर्ण छ र अनिवार्य पनि छ। यो सीमितताभित्र रहेर यस वर्ष गरिएका कारोबार र संस्थाले आर्जन गरेको तथ्याङ्कसहितको वार्षिक प्रतिवेदन आज यस गरिमामय सभामा पेश गर्न गइरहेका छौँ । अब यो वर्षको संस्थाले गरेका कारोबार र कामको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**१) सदस्य सङ्ख्या**

| सदस्य सङ्ख्या | गत वर्ष | निष्कृय सदस्यता खारेजी | यस वर्ष थप भएका सदस्य | यस वर्ष |
|---|---|---|---|---|
| महिला | ६१३ जना | ८० जना | ६३ जना | ५९६ जना |
| पुरुष | ८४४ जना | १४२ जना | ७७ जना | ७७९ जना |
| **कूल सङ्ख्या** | **१४५७ जना** | **२२२** जना | **१४०** जना | **१३७५** जना |

**२) सेवा उपयोगको अवस्था :**

| क्र.स. | सेवाको प्रकार | सहभागिता |
|---|---|---|
| १ | नियमित मासिक बचत | ८२.४० प्रतिशत |
| २ | ऋण सेवा | ४८३ जना (३५.१२ प्रतिशत) |
| ३ | मोबाईल बैकिङ्ग सेवा | ५०८ जना |
| ४ | SMS सेवा | १९१ जना |
| ५ | ATM Card | २४२ जना |
| ६ | QR Merchant | १५२ जना |

**३) शेयर पूँजी :**

आ.व २०८०/८१ आषाढ मसान्तमा रहेको शेयर पूँजी रु.२,०४,४८,७०० मा ३.८१ प्रतिशत वृद्धि भई आ.व.२०८१/०८२ आषाढ मसान्तमा संस्थाको शेयर पूँजी रु.२,१२,२८,७०० (दुई करोड बाह्र लाख अठ्ठाइस हजार सात सय रूपैया) रहेको छ ।

**४) बचत हिसाब :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको बचत हिसाब रु.१८,६७,२९,७९५ मा १७.८२ प्रतिशत वृद्धि भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको बचत हिसाब, रु.२२,०६,७९,१३५ (बाईस करोड छ लाख उनान्असी हजार एकसय पैंतीस रूपैया मात्र) रहेको छ ।

**५) ऋण लगानी :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको ऋण लगानी हिसाब रु.२२,३९,८८,११४.५२ मा १.६३ प्रतिशत कमी भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको ऋण लगानी हिसाब रु.२२,०३,३५,८८० (बाईस करोड तीन लाख पैंतीस हजार आठसय असी रूपैया मात्र) रहेको छ ।

**६) नगद तथा बैंक मौज्दात :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको नगद तथा बैंक मौज्दात रु.३,०८,४७,१४३ मा ९२.१३ प्रतिशत वृद्धि भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको नगद तथा बैंक मौज्दात रु.५,९२,६७,०९०(पाँच करोड बयानब्बे लाख सतसठ्ठी हजार नब्बे रूपैया मात्र) रहेको छ ।

**७) व्याज आम्दानी :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको व्याज आम्दानी रु. ३,४७,५७,५६५ मा ७.४१ प्रतिशत वृद्धि भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको व्याज आम्दानी रु.३,७३,३४,१९६ (तीन करोड त्रिहत्तर लाख चौँतीस हजार एकसय छयानब्बे रूपैया मात्र) रहेको छ ।

**८) व्याज खर्च :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको व्याज खर्च रु. १,८७,२०,७६५ मा ११.९६ प्रतिशत वृद्धि भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको व्याज खर्च रु. २,०९,६१,६१८ (दुई करोड नौ लाख एकसठी हजार छसय अठार रूपैया) रहेको छ ।

**९) बाह्य ऋणका व्याज खर्च :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको बाह्य ऋणमा व्याज खर्च रु. २२,६१,४३१ मा ५१.५१ प्रतिशत कमी भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको बाह्य ऋणमा व्याज खर्च रु.१०,९६,३४५(दश लाख छयानब्बे हजार तीनसय पैंतालिस रूपैया) रहेको छ ।

**१०) सञ्चालन आम्दानी :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको व्याज खर्च पछिको प्रशासनिक आम्दानी रु.३२,२८,३०४मा २२.५६ प्रतिशत कमी भई आ.व.२०८१/०८२ आषाढ मसान्तमा संस्थाको व्याज खर्च पछिको प्रशासनिक आम्दानी रु.२४,९९,८८२(चौविस लाख उनान्सय हजार आठसय बयासी रूपैया) रहेको छ ।

**११) प्रशासनिक खर्च :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको प्रशासनिक खर्च रु. ८१,८२,८९०मा ५.४४ प्रतिशत वृद्धि भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको प्रशासनिक खर्च रु. ८६,२८,४१२ (छयासी लाख अठ्ठाईस हजार चारसय बाह्र रूपैया) रहेको छ ।

**१२) आयकर व्यवस्था :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको आयकर व्यवस्था रु. १४,४७,६०५ मा ८.०२ प्रतिशत कमी भई आ.व.२०८१/०८२ आषाढ मसान्तमा संस्थाको आयकर व्यवस्था रु.१३,३१,४७५(तेह्र लाख एकतीस हजार चारसय पचहत्तर रूपैया) रहेको छ ।

**१३) आयकर पछिको खुद नाफा :**

आ.व.२०८०/०८१ आषाढ मसान्तमा रहेको आयकर व्यवस्था पछिको नाफा रु.६३,६९,५७३ मा ६.९६प्रतिशत कमी भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको आयकर व्यवस्था पछिको नाफा रु.५९,२५,७०६ (उनान्साठी लाख पच्चीस हजार सातसय छ रूपैया) रहेको छ ।

**१४) वासलात :**

आ.व २०८०/०८१ आषाढ मसान्तमा रहेको वासलात रु. २६,३९,४३,६९७ मा ८.८१ प्रतिशत वृद्धि भई आ.व. २०८१/०८२ आषाढ मसान्तमा संस्थाको वासलात रु.२८,७१,७३,५४३ (अठ्ठाईस करोड एकहत्तर लाख त्रिहत्तर हजार पाँचसय त्रिचालिस रूपैया ) रहेको छ ।

**१५) शिक्षा तालिम गोष्ठि र अन्य तालिममा संस्थागत सहभागिता**

| मिति | आयोजक | कार्यक्रमको विवरण | संस्थागत सहभागिता | स्थान |
|---|---|---|---|---|
| २०८१।०४।१८ | नव सृजनशील साकोस | बतिसौं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला | विभिन्न ७ वटा साकोसका प्रतिनिधीहरू | स्वीट व्याङ्केट |
| २०८१।०५।१५ | नव सृजनशील साकोस | १७औं वार्षिक साधारण सभा | संस्थाका शेयर सदस्यहरू | सूर्य इभेन्ट |
| २०८१।०७।२३ | बाग्मती प्रोस्कुन | वर्षिक साधारणसभा | अध्यक्ष | वानेश्वर |
| २०८२।०८।१४ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला | विभिन्न २२ वटा साकोसका प्रतिनिधीहरू | सिद्धार्थ फुडल्यान्ड |
| २०८१।०९।११ | कास्कुन | जन सम्पर्क तथा सदस्य सेवा प्रतिनिधी क्षमता विकास तालिम | सदस्य सेवा प्रतिनिधि कर्मचारीहरू | चावहिल |
| २०८१।०९।१९ | स्थिरिकरण कोष | परामर्श वैठक | अध्यक्ष | वानेश्वर |
| २०८१।०९।१९ | काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | वर्षिक साधारणसभा | व्यवस्थापक | दियो पार्टी प्यालेस |
| २०८१।११।१६ | वाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | सम्पति शुद्धिकरण निवारण कानूनको परिपालना अनुशिक्षण | व्यवस्थापक र लेखा अधिकृत | संघको कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| २०८१।११।१० | नव सृजनशील साकोस | महिला सदस्यहरूसँग सृजनशील वित्तिय साक्षरता कार्यक्रम | संस्थामा आवद्ध सबै महिला सदस्यहरू | सूर्य इभेन्ट |
| २०८२।०१।२१ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला | विभिन्न २६ वटा साकोसका प्रतिनिधीहरू | सिद्धार्थ फुडल्यान्ड |
| २०८२।०२।९,१० | नव सृजनशील साकोस | वार्षिक योजना निर्माण तथा परिवर्तित कानूनी परिपालना सम्बन्धी कार्यशाला | सञ्चालक समिति लेखा सुपरीवेक्षण समिति उपसमितिहरू र कर्मचारी | नार्गाजुन |
| २०८२।०३।०४ | नवसृजनशील साकोस | संस्था स्थापनाको १८औं दिवसका अवसरमा आयोजित जेष्ठ सदस्य सम्मान | ७० वर्षभन्दा माथि उमेर समूहका शेयर सदस्यहरू | संस्थाको कार्यालय |
| २०८२।०३।०८ | स्थिरिकरण कोष | परामर्श बैठक | अध्यक्ष | वानेश्वर |

**१६) ऋण लगानी तथा असुली :**

ऋण लगानी गर्दाका बखत ऋण निवेदन प्राप्त भएपछि सदस्यहरूले ऋण माग गर्नु भएको शिर्षकहरूको आधारमा व्यवसाय, धितो सुरक्षण वा अन्य कारोवारहरूको निरीक्षण र सिफारिस ऋण लगानी उप समितिले सञ्चालक समितिलाई सिफारिस गरेपछि मात्र ऋण लगानी गर्ने गरिएको छ । ऋण असुलीका लागि संस्थाबाट व्यवस्थापन तह, उपसमिति तह र सञ्चालक समितिका तर्फबाट समेत नियमित असुली प्रक्रिया अबलम्बन गरिँदै आएको छ ।

**१७) वाह्य लेखा परीक्षकको नियुक्ति :**

मिति २०८१ भाद्र १५ गते सम्पन्न संस्थाको १७औं वार्षिक साधारण सभाको निर्णय अनुसार आ.व.२०८१।०८२ को लेखापरीक्षणका लागि पि.विनय फूयाल एन्ड एसोसिएट्सका तर्फबाट सि.ए. विनय फुयाललाई नियुक्त गरिएको र आ.व. २०८२।०८३ का लगि समेत सि.ए. विनय फुयाल एन्ड एसोसिएट्का तर्फबाट सि.ए. विनय फुयाललाई करसहितको पारिश्रमि रु १,५०,०००। भुक्तानी गर्ने गरी प्रस्ताव पेस गरिएको छ ।

**१८) संस्थागत आवद्धता :**

राष्ट्रिय सहकारी बैंक लि.

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कुन)

काठमाडौँ जिल्ला सहकारी संघ लि.

काठमाडौँ बचत तथा ऋण सहकारी संघ लि.(कास्कुन)

बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन)

**१९) संस्थाको नाममा रहेका बैंक खाताहरू :**

१ कुमारी बैंक लि.

२ लक्ष्मी सनराईज बैंक लि.

३ नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कुन)

४ ज्योति विकास बैंक लि.

५ राष्ट्रिय सहकारी बैंक लि.

६ काठमाडौँ बचत तथा ऋण सहकारी संघ लि.(कास्कुन)

७ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(प्रोस्कुन)

**२०) वार्षिक योजना तथा लक्ष्य प्राप्तिको अवस्था :**

| विवरण | आधार | लक्ष्य | वृद्धि गर्नुपर्ने | उपलब्धि | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर सदस्य | १,४५७ | १,६५० | १९३ | १४० | ७३% |
| शेयर पूँजी | २०४४८७०० | २२,१३०,००० | १,६८१,३०० | ७८०,००० | ४६% |
| बचत बाकी | १८७२९७९५७ | २३४,५४९,००० | ४७,२५१,०४३ | ३३,३८१,१७९ | ७१% |
| लगानीमा रहेको ऋण | २२३९८८११५ | २५३,८२७,००० | २९,८३८,८८५ | -३,६५२,२३४ | -१२% |
| सम्पत्ति तथा दायित्व | २६३९४३६९८ | ३२१,३००,००० | ५७,३५६,३०२ | २३,२२९,८४५ | ४१% |
| आम्दानी | ३७,९८५,८६९.९५ | ४१,१७५,००० | ३,१८९,१३० | १,८५१,७५६ | ५८% |
| खर्च | ३०,१८१,९३९.३५ | ३२,९७०,००० | २,७८८,०६१ | १,१७३,२४१ | ४२% |
| बचत नाफा | ७८०३९३०.६ | ८२०५००० | ४०१,०६९ | ६७८,५१५ | १६९% |

**२१) प्रविधि प्रयोगमा संस्थाको अवस्था :**

संस्थाले नीति विधि तथा प्रविधिलाई मध्यनजर गर्दै सदस्यहरूको सुरक्षा तथा सूचनाको हक स्थापित गर्न नविनतम् प्रविधिको प्रयोगमा जोड दिँदै निम्न सेवाहरू प्रयागेमा ल्याएको छ :

- निशुल्क मोबाईल बैंकिङ्ग सेवा :
- अटो इमेल सेवा :
- निःशुल्क एस.एम.एस सेवा :
- इटेलर सेवा संस्थामा :
- अनलाईन के.वाई.एम सेवा :
- ATM सेवा :
- QR Merchant सेवा :
- Online Loan सेवा :
- Fund Rceived सेवा :
- कर्पोरेट पे सेवा :
- अनलाईन लोन डकुमेन्टेसन सेवा
- Bank To Coop सेवा

## २२) सामाजिक उत्तरदायित्व :

यस वर्ष संस्थामा आवद्ध भई विगत लामो समयदेखि नियमित बचत गर्ने ७० वर्षभन्दा माथिका शेयर सदस्यहरूलाई नगदसहित सम्मान गरिएको छ। विगतका वर्षहरूमा जस्तै चालु आ.व.मा समेत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ ।

## २३) वित्तिय साक्षरता तथा विस्तारित मञ्च :

यस वर्ष संस्थाबाट सदस्य साक्षरता तथा विस्तारित मञ्चका कार्यक्रम अर्न्तगत संस्थामा आवद्ध महिला शेयर सदस्यहरूलाई वित्तिय साक्षरता कार्यक्रमा सञ्चालन गरिएको छ भने कर्मचारी तथा स्वयंमसेवीहरूको सक्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । आगामि दिनमा पनि यस्ता विस्तारित मञ्चहरू सञ्चालन हुनेछन् । कार्यक्रममा संस्थाले बोलाउँदा सदस्यज्यूहरूको सक्रिय उपस्थिति रहनेछ भन्ने विश्वास राखेका छौँ ।

## २४) निष्कृय सदस्यता खारेजी

संस्थाको पुनर्लिखित विनियम २०६५ बमोजिम संस्थामा जम्मा गर्नुपर्ने अनिवार्य नियमित बचत जम्मा नगरेका र सदस्य पहिचान विवरण अध्यावधिक हुन नसकेको १७७ जना सदस्यको यस वर्ष सदस्यता अन्त्य गरिएको छ भने थप निष्कृय सदस्यहरूको पहिचान गरी सदस्यता सदस्यता खारेज गर्ने नीति संस्थाले लिएकोछ ।

## २५) व्यक्तिगत विवरण अध्यावधिक गर्ने

नेपाल सरकार संघिय सहकारी विभागले २०८२ असार ३२ गते १०२ बुँदे एकिकृत निर्देशन २०८२ जारी गरेकोछ । २०८२ श्रावण १ गतेदेखि बन्ने सदस्यहरूलाई राष्ट्रिय परिचय पत्र अनिवार्य गरेको छ । हाल कायम सदस्यहरू तथा सञ्चालक कर्मचारीहरूलाई भने ३ महिनाभित्र अध्यावधिक गर्न निर्देशनले तोकेको छ । संस्थामा गरेको बचतमा प्राप्त भएको व्याज आम्दानीमा लाग्ने ६ प्रतिशत अग्रिम कर संस्थाको तर्फबाट कट्टा गरी आन्तरिक राजस्व कार्यालयमा बुझाउने गरिएको छ। संस्थामा आफ्नो प्यान नं अध्यावधिक गराउनुभएका सदस्यहरूको अग्रिम कर बुझाएको निस्सा ETDS आफ्नो कर स्टेटमेन्ट वा नागरिक एपमा

समेत देखिन्छ भने प्यान नं अध्यावधिक नभएको सदस्यहरूकमा देखिने छैन । सबै सदस्यहरूको कर विवरण देखिने गरी संस्थाको डेटावेसमा अध्यावधिक गर्न भौतिक उपस्थिति बिना नै फाराम भर्न सकिने व्यवस्था गरिएकाले यस प्रतिवेदनको अन्तिममा राखिएको क्युआर कोड स्क्यान गरी गुगल फारम मार्फत समेत प्यान न., इमेल, तथा राष्ट्रिय परिचय पत्र अध्यावधिक गर्न सकिने व्यवस्था गरिएको छ । सबै सदस्यज्यूहरूले उक्त गुगल फाराम भरी विवरण अध्यावधिक गरिदिनुहुनेछ भन्ने अपेक्षा राखेका छौँ ।

**२६) डिजिटल सपोर्ट सेवा**

यस वर्षबाट सदस्यज्यूहरूलाई संस्थामा नै उपस्थित नभई लिन सकने सेवालाई Whatsapp नम्बर ९८०८१७९८२० मार्फत संस्थाको CBS मा दर्ता भएको नम्बरबाट म्यासेज पठाएर संस्थाका कर्मचारीहरूबाट समस्याको समाधानका लागि पहल गर्ने व्यवस्था गरिएको छ । यसबाट देश विदेश जता सुकै रहनुहुने सदस्यहरले भरपुर सुविधा लिनुहुनेछ भन्ने आशा राखेका छौँ ।

अन्त्यमा,

अठारौँ वार्षिक साधारणसभा सञ्चालन भईरहँदा यो संस्था स्थापनाकालदेखि अहिलेसम्म सदस्यता निरन्तर राखी कारोबार निरन्तर गर्ने सदस्यज्यूहरू, विभिन्न कालखण्डमा संस्थाको श्रीवृद्धिमा योगदान गर्नुहुने सञ्चालक सदस्य एवं पदाधिकारी, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, कर्मचारी एवं हितैषी मित्रहरू, नियामक निकाय, सहकारी अभियान लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु । संस्थाको उज्ज्वल भविष्यका लागि वर्तमानमा कार्यरत एवं नेतृत्वमा स्थापित हुन चाहने सदस्य युवा र प्रौढसमेतलाई स्वागत गर्दै आगामि दिनहरू अझ व्यवस्थित बन्ने अपेक्षा राख्दै आजको यस १८औँ वार्षिक साधारण सभामा संस्थाको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन छलफलका लागि पेश गर्दछु । धन्यवाद !

जय सहकारी !

जय नव सृजनशील साकोस !

२०८२ भाद्र २१ गते शनिबार, सूर्य इभेन्ट प्रा.लि., धुम्बाराही, काठमाडौं ।

# १८औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट कोषाध्यक्ष श्रीदामोदर सापकोटाद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन

यस नव सृजनशील बचत तथा ऋण सहकारी संस्थाको १८औं वार्षिक साधारण सभाका सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, लेखापरीक्षकज्यू, सल्लाहकारज्यूहरू सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, अन्य उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, कार्यालय व्यवस्थापक एवं अन्य कर्मचारी साथीहरू लगायत यस १८औं वार्षिक साधारणसभालाई सफल पार्न उपस्थित हुनुभएका सम्पूर्ण आदरणिय शेयर सदस्य महानुभावहरूमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

आज हामी यस संस्थाको १८औं वार्षिक साधारणसभा सम्पन्न गर्न गईरहेका छौं । विगत १८ वर्षको अन्तरालमा संस्थामा आवद्ध शेयर सदस्यज्यूहरूको वित्तिय सुशासनका कारण संस्थाका आन्तरिक तथा वाह्य सूचकहरूमा सबल सक्षम र प्रतिस्पर्धी रहेका सदस्यज्यूहरूमा अवगत नै रहेको छ । सदस्यज्यूहरूमा नियमित सम्पर्क, संस्थाका तर्फबाट प्रदान गरिने सेवामा पारदर्शीता र कोषहरूको समुचित व्यवस्थापन मार्फत आगामि दिनहरूमा समेत यहाँहरूको अपेक्षा बमोजिम संस्थाले समग्र लक्ष्य हासिल गर्ने नै छ । संस्थाले आयआर्जन गरी समग्र खर्च  कट्टा गरी बाँकी बचतमा कर बापत तिर्नुपर्ने रकम राजस्व खातामा समयमा नै दाखिला गरिएको छ । कर पछिको बचेको रकम विभिन्न कोषहरूमा कानूनले निर्दिष्ट गरेबमोजिम वितरण गरिएकोछ । स्थिरिकरण कोषमा आवद्ध भई नियमित योगदान जम्मा गरिएको छ भने स्थिरिकरण कोषमा अवद्ध हुनका लागि मात्रै पनि संस्थागत पूँजि ५ प्रतिशतभन्दा बढि हुनुपर्ने कानूनी व्यवस्था रहेकोछ । हाम्रो संस्थाको ८.०७ प्रतिशत संस्थागत पूँजी रहेको छ । यो तपाईं हामी शेयर सदस्यको त्यागबाट बनेको हुँदा तपाईं हामी सबै धन्यवादको पात्र भएका छौं ।

विगतका वर्षहरूमा झै १७औं वार्षिक साधारण सभाबाट निर्णय भए बमोजिम शे यर लाभांस वापत ११.७७ प्रतिशत हुन आउने रु.२३,१७,२४२.७६/- रूपैयामा लाभांस स्रोत कर कट्टी गरी शेयर सदस्यहरूको लाभांस वचत खातामा थप गरिएको छ । त्यसैगरी संरक्षित पूँजी फिर्ता कोषमा बाँडफाँड भई आएको रु.११,१०,८५४.६३/- मध्ये गत आ.व.मा बचतमा सदस्यज्यूहरूलाई प्रदान गरिएको व्याज र ऋणी सदस्यहरूबाट संस्थाले प्राप्त गरेको व्याजको औसत अनुपातको आधारमा  ४० र ६० प्रतिशतका दरले हुन आउने रु.४,४४,३४१.८५/- र रु.६,६६,५१२.७८/- सदस्यहरूको लाभांस खातामा वितरण गरिएको छ। यस आ.व.मा संस्थाले सदस्यहरूको बचतको सुरक्षा गर्न स्थापित स्थिरिकरण कोषमा संस्थागत तर्फबाट छुट्टाईएको रु.१,६५,५१७.३४/- मध्येबाट रु.३५,५१८.१४/- योगदान रकम जम्मा गरिएको छ । संस्थाले राज्यलाई तिर्नुपर्ने सम्पुर्ण दायित्वको रकम समयमा नै सम्बन्धित राजस्वको खातामा जम्मा गरी

मासिक रूपमा इ. टि.डि.एस.गर्ने गरिएको छ । संस्थाले अघिल्लो आ.व.को तिर्न बझाउनुपर्ने कर जम्मा गरी मिति २०८१ कार्तिक ४ गते कर चुक्ता प्रमाण पत्र लिएको छ भने यस आ.व.मा पनि करचुक्ता प्रमाणपत्र लिने प्रकियामा रहेको छ ।

*आदरणीय शेयर सदस्यज्यूहरू,*

अब म संस्थाको २०८२ असार मसान्तको वित्तिय विवरणका अधारमा तयार पारिएको पर्ल्स विश्लेषण प्रतिवेदन यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.स | विवरण | के को आधामा | कति हुनुपर्ने | कति भयो |
|---|---|---|---|---|
| १ | १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | ऋण सुरक्षण | १००% | १००% |
| २ | १ महिना देखि १२ महिनासम्म भाखा नाघेको ऋणको लागि व्यवस्था | ऋण सुरक्षण | ३५% | ३५% |
| ३ | अशल ऋणको लागि अतिरिक्त व्यवस्था | ऋण सुरक्षण | १% | १% |
| ४ | कूल सम्पत्तिको अनुपातमा शुद्ध ऋण | कूल सम्पती | ७०-८०% | ७४.४१% |
| ५ | कूल सम्पत्तिको अनुपातमा वचत | कूल सम्पती | ७०-८०% | ७६.८७ % |
| ६ | कूल सम्पत्तिको अनुपातमा वाह्य ऋण | कूल सम्पती | ५% भन्दा कम | १.९२% |
| ७ | कूल सम्पत्तिको अनुपातमा शेयर | कूल सम्पती | बढिमा २०% | ७.३९ % |
| ८ | कूल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पूँजी | कूल सम्पती | कम्तीमा १० % | ८.०७ % |
| ९ | कूल ऋणको अनुपातमा भाखा नाघेको ऋण | कूल ऋण लगनी | ५% भन्दा कम | ३.०१% |
| १० | कूल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्तिको प्रतिशत | कूल सम्पती | ५% भन्दा कम | ०.४०% |
| ११ | औषत शेयरमा शेयर लाभांश | औसत शेयर रकम | बढिमा १८% | ११.४२% |
| १२ | औषत कूल सम्पत्तिको अनुपातमा सञ्चालन खर्च | कूल सम्पती | ५% वा सोभन्दा कम | ३.२७ % |
| १३ | जम्मा वचतको अनुपातमा तरलता | कूल बचत | कम्तिमा १५% | २६.८६ % |
| १४ | जम्मा सम्पत्तिको अनुपातमा नकमाउने तरल सम्पत्ति | कूल सम्पती | १% भन्दा कम | ०% |
| १५ | वार्षिक सदस्यता वृद्धि दर | अघिल्लो सदस्य सङ्ख्या | १५% | (५.६२%) |
| १६ | वार्षिक सम्पति वृद्धि दर | अधिल्लो वर्षको सम्पति | मुद्रास्फिती दर | ८.८०% |

अब म यस १८औँ वार्षिक साधारण सभा समक्ष सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, वाग्मती प्रदेश ऐन २०७६, वाग्मती प्रदेश सहकारी नियमावली २०७६, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सोसम्बन्धी सहकारी विभागले सहकारीहरूलाई जारी गरेको निर्देशिका २०७४, संस्था सञ्चालन गर्न बनेको पुनर्लिखित विनियम २०७९, संस्थागत नीति तथा कार्यविधिहरूको अधिनमा रही प्रचलित नेपाल कानूनले दिएको क्षेत्रमा रही संस्थाको मिति २०८२ असार ५ गते बसेको सञ्चालक समितिको बैठकबाट निर्णय भई चालु आ.व. २०८२/२०८३ मा सञ्चालन गर्नका लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरूलाई क्रमिक रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

## क) वित्तीय व्यवस्थापन :

| क्र.स. | विवरण |
|---|---|
| १ | वित्तीय विश्लेषण औजारको रूपमा रहेको पर्ल्स अनुगमन प्रणाली (PEARLS Monitoring System) को नियमित विश्लेषण गरी सूचकहरूलाई पूरा गर्न प्रभावकारी रणनीतिहरू अवलम्वनलाई निरन्तरता दिइने छ। कम्तिमा १५ प्रतिशत तरलता कायम गरिने छ। सम्पतिको शुद्धता कायम गरिने छ। |
| २ | संस्थागत पुँजी वृद्धि गरी ९ प्रतिशत कायम गर्न आवश्यक नीति लिइने छ। |
| ३ | यस आ.व.को अन्त्यसम्ममा सकृय शेयर सदस्य सङ्ख्या १५०० पुऱ्याइनेछ। नियमित अनिवार्य मासिक बचत गर्ने सदस्य ९० प्रतिशत कायम गरिने छ। निष्कृय सदस्यता खारेज गरिने छ। |
| ४ | सम्भावित जोखिमहरूलाई न्यूनिकरण गर्न आवश्यक पूर्व तयारीहरू गरिने छ। स्थिर सम्पतिहरूको बीमा गरिने छ। बीमा गर्न नसकिने सम्पतिको प्रयोग गर्दा आवश्यक सावधानी अपनाइने छ। |
| ५ | स्वदेशमा नै केहि गर्छु, उद्यम सञ्चालन गर्छु व्यावसायि बन्छु भन्ने प्रण गर्ने सदस्यहरूलाई आवश्यक पर्ने तालिम शिक्षा, उद्यमशीलता विकास प्रशिक्षण उपलब्ध गराउन संघ संस्था, स्थानीय सरकार लगायतसँग सहकार्य गरिने छ। |
| ६ | सदस्यहरूलाई ऋण लगानी गर्दा 5C विश्लेषण गरेर मात्र गरिने छ । महिला सदस्यहरूबाट सञ्चालित घरेलु तथा साना व्यवसायहरूमा फरक क्षमता भएका, इमर्जिङ्ग स्टर्टअप उद्यमशीलता विकास गर्न चाहने सदस्यहरूलाई उनीहरूको इच्छाअनुसार उत्पादनमूलक व्यवसाय सञ्चालन गर्न बढिमा ५० जना व्यक्तिलाई एकलाख रूपैयासम्म १२ प्रतिशत व्याजदरमा सहुलियत ऋण १ वर्षसम्मको लागि उपलब्ध गराइने छ। |

| | |
|---|---|
| ७ | संस्थाबाट सदस्यहरूलाई गरिने ऋण लगानीको कम्तिमा ७० प्रतिशत ऋणहरू उत्पादनशील क्षेत्रमा लगानी गरिने छ । तोकिएको शिर्षकमा तोकिएकोभन्दा बढी ऋण लगानि नगर्ने नीति लिइनेछ । नियामक निकायबाट जारी भएको निर्देशन बमोजिम बिना धितो ऋण लगानीलाई निरुत्साहित गरिने छ । |
| ८ | संस्थाबाट सदस्यलाई बचतमा प्रदान गरिने व्याजदर र ऋणमा लिइने व्याजदरको मासिक विश्लेषण गरी आवश्यक परिमार्जन गर्ने नीति लिइनेछ । सेवाहरूलाई विकेन्द्रित गरी सदस्यहरूको हातहातमा पुऱ्याइनेछ। प्रभावकारी वित्तीय व्यवस्थापन तथा आय वृद्धि गर्न आधार दर, फरकता दर, प्रतिस्पर्धी बजार दरको विश्लेषण गरी व्याजदर निर्धारण गरिने छ। |
| ९ | सहकारी नियमन प्राधिकरण, सहकारी विभाग तथा स्थानीय सरकारबाट समय समयमा प्राप्त हुने नियम निर्देशनहरूको पालना गरिने छ। |
| १० | संस्थाको लेखामानलाई NFRS (Nepal Financial Reporting Standard) को आधारमा राखिएको हुँदा सोही प्रणालीबाट नै आन्तरिक तथा बाह्य लेखापरीक्षण गरिने छ। |

## ख) सदस्यलाई सेवा

| क्र.स | विवरण |
|---|---|
| १ | सदस्यहरूलाई नियमित बचत गर्ने बानिको विकास गर्न बचतका प्रकारहरू थप गर्दै लगिने छ। सदस्यहरूको न्यून सहभागिता भएका शिर्षकहरूलाई आवश्यक परिर्माजन गरिने छ। सदस्यहरूलाई धन सिर्जना गर्ने बचत गर्न अभिप्रेरित गरिने छ। |
| २ | न्यून पूँजीबाट सञ्चालन गर्न सकिने व्यवसाय, उत्पादनशिल क्षेत्र, घरेलु रोजगारी सिर्जना गर्न सकिने व्यवसायलाई प्राथमिकताका साथ ऋण लगानी विस्तार गरिने छ। महिलाबाट सञ्चालन गरिने व्यवसायलाई ऋण लगानीमा प्राथमिकता दिइने छ। |
| ३ | संस्थाका ४० प्रतिशत सदस्यहरूलाई यस वर्ष डिजिटल बैंकिङ्गको पहुँचमा पुऱ्याइने छ। डिजिटल भुक्तानी सेवा विस्तार गरिने छ, रियल टाईम मोबाईल कलेक्सन सेवा विस्तार गरिने छ। बैंकको एपबाट नव सृजनशील मोबाईल बैंकिङ्गको क्युआर स्क्यान गरी खातामा नै बचत लिन सकिने प्रविधि विकास गरिने छ। |
| ४ | यस वर्षबाट सदसयहरूलाई आवश्यक पर्ने डिजिटल सेवाहरूको तत्काल सपोर्ट दिन Whatsapp सपोर्ट युनिट(९८०८१७९८२०)को व्यवस्था गरिने छ । सेवालाई गुणस्तरिय एवं विश्वासनिय बनाउनका लागि समस्या समाधानको अवस्था र सदस्यहरूको गुनासोहरूको सुक्ष्म निरीक्षण गरी सोको त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने व्यवस्था मिलाईने छ। |

| | |
|---|---|
| ५ | सदस्यहरूलाई, बचत परामर्श, ऋण परामर्श, व्यवसायिक परामर्श, प्राविधिक परामर्श, कर परामर्श तथा कानूनी परामर्श लगायतका व्यवस्था गरिने छ । |
| ६ | रेमिट सेवालाई निरन्तरता दिइने छ । नेपाल बाहिरबाट प्राप्त हुने रेमिट बचत खाताको व्यवस्था गरिने छ । यसरी जम्मा हुने खातामा १ प्रतिशत व्याज थप प्रदान गरिने छ । विदेशबाट सोझै आफ्नो खातामा बचत जम्मा गर्न सकिने व्यवस्था गरिने छ । |
| ७ | संस्थाका सूचना तथा जानकारीहरूलाई सदस्यहरूमाझ अविलम्व पुऱ्याउनका लागि संस्थाको वेबसाइट, सामाजिक सञ्जालहरू फेसबुक, युट्युव, डिजिटल बोर्ड अडियो कल जस्ता प्रविधिहरू प्रयोग गरिने छ । |
| ८ | सदस्यहरूलाई आफ्नो पसल व्यवसायमा संस्थाले उपलब्ध गराउने क्युआरकोड राख्न अनुरोध गरिने छ । विभिन्न बैंक वित्तिय संस्थबाट सोझै क्युआर स्क्यान गरी आफ्नो बचत तथा ऋण खातामा पैसा जम्मा गर्न सकिने प्रविधि विकास गरिने छ । एटिएम सेवालाई निरन्तरता दिइने छ । ग्रिन पिन सिस्टमको प्रयोग गरिने छ । |
| ९ | नेपाल भित्रका विमा सेवा प्रदायक कम्पनिहरूमा गरीएको विमाको प्रिमियम संस्था बाट नै तिर्न सकिने व्यवस्था गरिने छ । सदस्यहरूको सुरक्षा लाई ध्यानमा राखि सम्भावित जोखिम कम गर्न जिवन तथा निर्जिवन बिमा कम्पनिहरूसँग आवश्यक सहकार्य गरिने छ । |
| १० | यस वर्षबाट शेयर सदस्यहरूले ब्याज प्राप्त गर्नु भएबापत तिर्नुपर्ने व्याजकर, लाभांस कर तथा संरक्षित पूँजि फिर्ता कोष प्राप्तिबापतको कर आदिलाई उहाँहरूकै प्यानमा देखिने गरी ई.टि.डि.यस गर्ने व्यवस्था मिलाइनेछ सोका लागि गुगल फर्म मार्फत प्यान भ्याट तथा राष्ट्रिय परिचयपत्र सङ्कलन गरिने छ । |
| ११ | सदस्य तथा सदस्यका एकाघर परिवारको पास्नी, व्रतबन्ध, गून्यौचोलो, विवाह, चौराशी पूजालगायतमा संस्थामा प्राप्त निमन्त्रणका आधारमा संस्थागत सहभागिता जनाइने छ । सदस्यको सुख दुखमा नव सृजनशील कार्यक्रमलाई निरन्तरता दिइने छ । |
| १२ | संस्थाबाट प्रदान गरिने सेवाहरूलाई गुणस्तरीय, प्रभावकारी एवं विश्वासनीय रूपमा प्रयोग गर्न सकिने बनाइने छ । सेवाको गुणस्तरमा समय समयमा जाँच गरिने छ । |
| १३ | संस्थाको नियमित मासिक बचतमा सबै सदस्यहरूलाई सहभागी गराइनेछ । लक्षित सदस्यहरूको वर्गमा पुग्ने खालका कार्यक्रम बनाई लागू गरिने छ । सबै सदस्यहरूलाई वर्षमा कम्तिमा १ ओटा लक्षित कार्यक्रमा सहभागिता गराइने छ । |

## ग) संस्थाको आन्तरिक व्यवसायिकरण

| क्र.स. | विवरण |
| --- | --- |
| १ | संस्थाबाट आयोजना गरिने कार्यक्रममा धेरै सदस्यहरूको प्रतिनिधित्व हुने गरी कार्यक्रहरू तय गरिने छ। कार्यक्रमहरू निर्माण गर्दा विभिन्न समिति उपसमिति र सदस्यहरूको समेत राय लिइने छ। |
| २ | संस्थाका कायम नीति एवं कार्यविधिहरूलाई आवश्यक परिमार्जन, संसोधन तथा पुनर्लेखन गरी पेपरलेस गर्दै लगिने नीति लिइनेछ । भौतिक उपस्थिति बिना नै अभौतिक रूपमा सेवा लिन सकिने प्रविधि विकास गरिने छ। |
| ३ | भौतिक रूपामा कार्यालयमा उपस्थित भई नगदबाट मात्रै कारोबार गर्ने बानीलाई कम गर्दै नगदरहित कारोबार गर्ने बानीको विकास गर्न आवश्यक प्राविधिक शिक्षाको व्यवस्था गरिने छ। |
| ४ | संस्थाको विनियम तथा कोष परिचालनसम्बन्धी नीतिहरूको अधीनमा रही सम्बन्धित लक्ष्य हासिल गर्न प्रयोग गरिने छ। सदस्यहरूको बचत र ऋणमा तिरेको व्याजको आधारमा कर तिरेपछिको नाफा र सोपछि जगेडा कोषमा २५ प्रतिशत जम्मा गरिसकेपछिको शतप्रतिशत मध्येको २५ प्रतिशत संरक्षित पूँजि फिर्ता कोषको वितरण सदस्यहरूको खातामा नै जम्मा गरिने छ। |
| ५ | प्रविधिहरू भरपूर प्रयोग मार्फत भर्चूअल बैठक, छलफल, गोष्ठी, नगदरहित सेवा लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ। |
| ६ | संस्थाको कार्यलय सुरक्षाका लागि पर्याप्त सि.सि.क्यामेरा थप गरिने छ । सबै सम्पतिहरूको बीमा गरिने छ । संस्थको डेटा सुरक्षाका लागि मल्टिपल लेयर सेक्युरेटि प्रणालिको प्रयोग गरिने छ । रियल टाईम क्लाउडसँगसँगै म्यान्युअल्ली साप्ताहिक डाटा ब्याकअप लिइने व्यवस्था गरिने छ। |
| ७ | सहकारी अभियानको सुदृढिकरणमा सहयोग गरिने छ। |
| ८ | संस्थाको सञ्चालक समिति तथा नेतृत्वमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको प्रत्याभूति गराउने र महिला सदस्यहरूमा नेतृत्व विकास गराउन आवश्यक कार्यक्रम विकास गरिने छ। |
| ९ | संस्थाको नेतृत्वमा आउन चाहने सदस्यहरूलाई नेपाल राष्ट्र बैंक, नेफ्स्कुन तथा प्रोस्कुनबाट तयार गरिएको मापदण्डका आधारमा फिट एन्ड प्रोपर टेस्टका आधारमा नेतृत्व चयन गर्ने व्यवस्था गरिने छ। |
| १० | सदस्यहरूको सूचना प्रणाली **(MIS)** लाई व्यवस्थापन गरी जात, धर्म, पेशा, वर्ग, क्षेत्र, लिङ्ग, उमेरको आधारमा तथ्याङ्क तयार गरिने छ। |
| ११ | आ.व. २०८२/८३ को अन्तसम्ममा संस्थाको PROBATION का ५० ओटा नै सूचकहरूमा प्रतिवेदन तयार गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ। |

## घ) सिकाई एवं वृद्धि व्यवस्थापन

| क्र.स. | विवरण |
|---|---|
| १ | समिति, उपसमिति तथा कार्यदलको बैठकहरू नियमित गर्ने, बैठकमा सक्रियता र सहभागितालाई थप प्रभावकारी बनाइने छ। संस्थाका सबै समिति एवम् उपसमितिका पदाधिकारीहरूलाई नमूना बन्नका लागि प्रेरित गरिने छ। |
| २ | समिति तथा उपसमितिहरूको वार्षिक रूपमा स्वमूल्याङ्कनको आधारमा क्षमता विकाससम्बन्धी योजनाहरू तय गरिने छ। |
| ३ | मानव संशाधनको क्षमता विकासका लागि तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमण आदि सहभागिता गराइने छ। समिति, उपसमिति तथा कर्मचारी क्षमता विकासको लागि छुट्टाछुट्टै बजेट विनियोजन गरिने छ। |
| ४ | कर्मचारीहरूलाई लिखित कार्य विवरण तथा लक्ष्य दिई लक्ष्यअनुसारको प्रगतिको मूल्याङ्कन गरिने छ। |
| ५ | कर्मचारीहरूलाई संस्थाको वित्तीय विश्लेषण, संस्थाको क्षमता, प्रतिस्पर्धी बजार एवम् विद्यमान नियम कानून बमोजिम सेवा सुविधाहरू थप गर्दै लगिने छ। |
| ६ | प्रचलित सहकारी ऐन नियम तथा कानूनको परिपालना गरिने छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा तोकिएको ढाँचामा संस्था दर्ता गरिने छ। कर्जा सूचना केन्द्र निक्षेप सुरक्षण कोष तथा कर्जा असुली न्यायाधिकरण लगायत कानूनले निर्दिष्ट गरेका संस्थाहरूमा आवद्धता जनाइने छ। |
| ७ | मासिक रूपमा संस्थाको वित्तिय प्रतिवेदन प्रदेश सहकारी विभाग, विषयगत केन्द्रिय संघमा पठाउने कार्यलाई निरन्तरता दिईनेछ भने विभागले अनुगमनका तयार पारेको कोपोमिस सफ्टवेयर, नेपाल बचत तथा ऋण केन्द्रिय संघमा नियमित रूपमा विवरण अद्यावधिक गर्दै लगिने छ। |
| ८ | सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी सहकारी संघसंस्थाहरूलाई जारी गरिएको निर्देशन २०७४ बमोजिम सदस्य पहिचान फाराम भर्ने कार्यलाई निरन्तरता दिइनेछ। सम्पत्ति शुद्धिकरण निवारण तथा आतङ्ककारी क्रियाकलपमा हुन सक्ने लगानी रोक्न TTR, STR तथा SAR Reporting गर्ने प्रणाली जडान गरी goaml प्रणाली मार्फत रिपोर्ट गर्ने व्यवस्था मिलाईनेछ। |
| ९ | समुदायको हित र सहकारी सिद्धान्त मूल्य मान्यताहरू अनुरूप सञ्चालित संस्थाहरूसँग आवश्यक समन्वय गर्ने, सहकार्य गर्ने र आवश्यक पर्दा एकिकरण गरेर समेत संस्था सञ्चालन गर्ने नीति लिइने छ। |

**ऋणलाई निम्नानुसार प्राथमिकिकरण एवं वर्गीकरण गरी लगानी गरिने छ :**

| क्र.सं. | ऋणको प्रकार : | लगानीको लक्ष्य प्रतिशत | लगानीको लागि प्रस्तावित रकम |
|---|---|---|---|
| १ | कृषि तथा तथा महिला उद्यमी ऋण | ३ | ७५,००,०००/- |
| २ | व्यापार तथा व्यवसाय ऋण | ७० | १७,५०,००,०००/- |
| ३ | सम्पत्ति खरिद तथा मर्मत ऋण | ५ | १,२५,००,०००/- |
| ४ | औद्योगिक ऋण | ५ | १,२५,००,०००/- |
| ५ | लघुउद्यम ऋण | ५ | १,२५,००,०००/- |
| ६ | शैक्षिक ऋण | २ | ५०,००,०००/- |
| ७ | बचत रसिद धितो ऋण | ५ | १,२५,००,०००/- |
| ८ | सामाजिक ऋण | २ | ५०,००,०००/- |
| ९ | वैदेशिक रोजगार : | २ | ५०,००,०००/- |
| १० | कर्मचारी सहुलियत ऋण | १ | २५,००,०००/- |
| | **जम्मा** | १०० | २५,००,००,०००/- |

अब म उल्लेखित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने बजेट सभा समक्ष पेस गर्न अनुमति चाहन्छु ।

**आम्दानी तर्फ**

| क्र.सं. | आम्दानी विवरण | रकम |
|---|---|---|
| १ | ऋणबाट प्राप्त व्याज | ३,६२,५०,०००.०० |
| २ | बैंकबाट प्राप्त व्याज | ५,५०,०००.०० |
| ३ | अन्य आम्दानी | २५,००,०००.०० |
| | **कूल आम्दानी** | ३,९३,००,०००।०० |

## खर्च तर्फ

| क्र.सं. | खर्च विवरण | रकम |
|---|---|---|
| १ | **वित्तिय खर्च** | २,०१,९५,०००.०० |
| | -बचतको व्याज खर्च | १,९६,३५,०००.०० |
| | - वाह्य ऋणको व्याज खर्च | ५,६०,०००.०० |
| २ | **सञ्चालन खर्च** | ९६,९२,०००.०० |
| | - कर्मचारी खर्च | ५८,००,०००.०० |
| | - सुशासन तथा कार्यक्रमिक खर्च | २२,२०,०००.०० |
| | - प्रशासनिक खर्च | १५,२२,०००.०० |
| | - बजार खर्च | ५०,०००.०० |
| | - ह्रास खर्च | १,००,०००.०० |
| ३ | **ऋण सुरक्षण खर्च** | २५,००,०००.०० |
| | जम्मा खर्च | ३,२३,८७,००० |
| ४ | **जम्मा बचत** | ६९,१३,०००.०० |
| | -कर्मचारी बोनस व्यवस्था | ५,५३,०४०.०० |
| | -आयकर २० % | १३,८२,६००.०० |
| ५ | **खुद वचत** | ४९,७७,३६०.०० |

### खर्चहरूको विस्तृत विवरण

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| २ | सञ्चालन खर्च | ९६,९२,०००.०० |
| क | सुशासन तथा कार्यक्रमीक खर्च | २२,२०,०००.०० |
| १ | नीति, योजना निर्माण तथा समिक्षा खर्च | १,००,०००.०० |
| २ | सामाजिक सुरक्षा खर्च | ५०,०००.०० |
| ३ | सदस्य विस्तार अभियान तथा भेला खर्च | ५०,०००.०० |
| ४ | सामाजिक तथा साझदारी कार्यक्रम खर्च | - |
| ५ | दिवस,शुभकामना तथा पर्व जन्य खर्च | ४०,०००.०० |

| | | |
|---|---|---|
| ६ | अध्ययन, अवलोकन भ्रमण कार्यक्रम खर्च | १,३०,०००.०० |
| ७ | साधारण सभा तथा निर्वाचन खर्च | ९,५०,०००.०० |
| ८ | बैठक खर्च | ३,५०,०००.०० |
| ९ | तालिम तथा शिक्षा खर्च | २,००,०००.०० |
| १० | प्रोवेसन कार्यक्रम खर्च | ६०,०००.०० |
| ११ | सदस्यता नविकरण खर्च | ३०,०००.०० |
| १२ | लेखा परिक्षण खर्च | २,००,०००.०० |
| १३ | पुरस्कार तथा सम्मान खर्च | ३०,०००.०० |
| १४ | कानुनी व्यवस्था तथा प्रक्रिया खर्च | ३०,०००.०० |
| **ख** | **कर्मचारी खर्च जम्मा** | ५८,००,०००.०० |
| १ | तलब तथा भत्ता खर्च | ४५,००,०००.०० |
| २ | सामाजिक सुरक्षा कोष खर्च | ६,००,०००.०० |
| ३ | पोशाक खर्च | १,००,०००.०० |
| ४ | अतिरिक्त सेवा भत्ता खर्च | ६,००,०००.०० |
| **ग** | **प्रशासनिक खर्च जम्मा** | १५,२२,०००.०० |
| १ | सुचना, संचार तथा ईन्टरनेट खर्च | १,५०,०००.०० |
| २ | वेभसाईट तथा नविकरण खर्च | ७,०००.०० |
| ३ | स्टेसनरी तथा मसलन्द खर्च | ८०,०००.०० |
| ४ | छपाई तथा प्रकाशन खर्च | ८०,०००.०० |
| ५ | कार्यालय घरभाडा खर्च | ६,५०,०००.०० |
| ६ | सफ्टवेयर खर्च | १,५०,०००.०० |
| ७ | विमा खर्च | ५०,०००.०० |
| ८ | विद्युत तथा खानेपानी खर्च | ५५,०००.०० |
| ९ | अतिथी सत्कार खर्च | १,००,०००.०० |
| १० | नखप्ने सामान खरिद | ३०,०००.०० |
| ११ | पुस्तक, पत्रपत्रिका तथा विज्ञापन खर्च | १०,०००.०० |
| १२ | मर्मत संभार तथा सरसफाई खर्च | ३०,०००.०० |
| १३ | ढुवानी तथा ज्याला खर्च | - |
| १४ | ईन्धन खर्च | ३०,०००.०० |
| १५ | भैपरी आउने खर्च | १,००,०००.०० |
| **घ** | **बजार खर्च जम्मा** | ५०,०००.०० |
| १ | यातायात भाडा खर्च | २०,०००.०० |
| २ | दैनिक भ्रमण भत्ता खर्च | ३०,०००.०० |
| **ङ** | **ह्रास खर्च जम्मा** | १,००,०००.०० |

### प्रस्तावित खुद बचतको बाँडफाँड

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| | खुद बचत | ४९,७७,३६०.०० |
| १ | जगेडा कोष २५% | १२,४४,३४०.०० |
| क | बाँकी खुद बचत | ३७,३३,०२०.०० |
| १ | सहकारी प्रवर्द्धन कोष ०.५% | १८,६६५.१० |
| २ | संरक्षित पूँजी फिर्ता कोष २५% | ९,३३,२५५.०० |
| ख | बाँकी खुद बचत | २७,८१,०९९.९० |
| १ | शेयर लाभाँश कोष ७०% | १९,४६,७६९.९३ |
| २ | संस्था विकास कोष ५% | १,३९,०५५.०० |
| ३ | घाटापूर्तिकोष ५% | १,३९,०५५.०० |
| ४ | सहकारी शिक्षा कोष ५% | १,३९,०५५.०० |
| ५ | समाज विकास कोष ५% | १,३९,०५५.०० |
| ६ | स्रिीकरण कोष ५% | १,३९,०५५.०० |
| ७ | अन्य जोखिम कोष ५% | १,३९,०५५.०० |

## कूल सम्पति जायजेथा एवं पूँजी तथा दायित्व तर्फ

| क्र.सं. | पूँजि तथा दायित्व | रकम |
|---|---|---|
| १ | शेयर पूँजी | २,२५,००,०००.०० |
| २ | जगेडा कोष | २,२०,००,०००.०० |
| ३ | अन्य कोष | १,८०,००,०००.०० |
| ४ | बचत निक्षेप | २३,१०,००,०००.०० |
| ५ | वाह्य ऋण | ८०,००,०००.०० |
| ६ | भुक्तानी दिनुपर्ने हिसाब | ५०,००,०००.०० |
| ७ | अन्य दायित्व हिसाब | ७०,००,०००.०० |
| | **कूल** | ३१,३५,००,०००.०० |

| क्र.सं. | सम्पत्ति | रकम |
|---|---|---|
| १ | नगद तथा वैंक | ५,००,००,०००.०० |
| २ | लगानी हिसाब | १३,६५,०००.०० |
| ३ | ऋण लगानी हिसाब | २५,००,००,०००.०० |
| ४ | पाउनुपर्ने हिसाब | ७१,३५,०००.०० |
| ५ | स्थिर सम्पत्ति एवं अन्य सम्पत्ति | ५०,००,०००.०० |
| | **कूल** | ३१,३५,००,०००.०० |

शेयर सदस्यज्यूहरू,

संस्थाको आ.व. २०८१/०८२ को सम्पूर्ण विवरणहरू वाह्य लेखापरीक्षकज्यूको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको हुँदा लेखापरीक्षण प्रतिवेदन अध्ययन गरिदिनुहुन सविनय अनुरोध गर्दछु । आ.व २०८१/०८२को आर्थिक प्रतिवेदन,आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रमसहितको अनुमानित बजेट तथा बाह्य लेखापरीक्षकको लेखा परीक्षण प्रतिवेदनलाई सल्लाह र सुझावसहित सर्वसम्मत पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

अन्त्यमा,

यहाँहरू तथा संस्थाको उत्तरोत्तर प्रगतिको कामनासहित नजिकिँदै गरेको विजया दशमी, शुभ दिपावली तथा छठपर्वलगायत सम्पूर्ण धर्मावलम्बीका चाडपर्वहरूको सुअवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ! जय सहकारी !

जय नव सृजनशील साकोस !

सञ्चालक समितिको तर्फबाट दामोदर सापकोटा कोषाध्यक्ष

२०८२ भाद्र २१ गते शनिबार, सूर्य इभेन्ट प्रा.लि, धुम्बाराही, काठमाडौं ।

# संस्थाको १८ औं वार्षिक साधारणसभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन

नव सृजनशील बचत तथा ऋण सहकारी संस्थाको १८ औँ वार्षिक साधारण सभा कार्यक्रमका सभाध्यक्षज्यू, निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू विभिन्न संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, लेखापरीक्षकज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, पत्रकारमित्रहरू, विभिन्न उपसमितिका सदस्यज्यूहरू, सभामा उपस्थित सदस्यज्यूहरू नव सृजनशील व्यवस्थापनका सम्पूर्ण कर्मचारी मित्रहरू लगायत यस सभामा उपस्थित हुनुभएका सम्पूर्ण व्यक्तित्वहरूमा सहकारी अभिवादन व्यक्त गर्दछु ।

संस्थाको पुनर्लिखित विनियम २०७९, वाग्मती प्रदेश सहकारी ऐन २०७६, वाग्मती प्रदेश सहकारी नियमावली २०७६ सहकारी संघ संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी मापदण्ड २०७९ र संस्थाको आन्तरिक नीति नियमहरूलाई आधार मानी आर्थिक वर्ष २०८१।०८२ को आन्तरिक लेखा परीक्षणको सिलसिलामा सञ्चालक समिति र कार्यालय प्रशासन मार्फत प्राप्त विवरण तथा जानकारीअनुसार आन्तरिक लेखा परीक्षण गरिएको र लेखा सुपरिवेक्षण समितिले आवश्यकतानुसार प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पदाधिकारी तथा कर्मचारीहरूसँग सूचना लिई संस्थाको सम्पूर्ण कारोबारको बारेमा जानकारी लिएका छौ ।

*आदरणिय शेयर सदस्यज्यूहरू,*

आन्तरिक लेखा परीक्षणको सिलसिलामा देखिएका र भईरहेका गतिविधि बारे बुँदागत रूपमा आजको यस साधारणसभामा प्रतिवेदन मार्फत जानकारी गराउदछौँ ।

## १ अघिल्लो साधारण सभाको निर्णयहरू कार्यान्वयनको अवस्था

गत वर्ष २०८१ साल भाद्र १५ गते सूर्य इभेन्ट प्रा.लि. धुम्बाराहिमा सम्पन्न संस्थाको १७औँ वार्षिक साधारण सभामा विभिन्न १३ ओटा निर्णय भएको र सो निर्णयहरू मध्ये विद्युतिय ऋण लगानी आन्तरिक कार्यविधिको निर्माण हुन बाँकी देखिन्छ ।

## २. आ.व २०८१।०८२ मा सञ्चालक समितिको बैठक सङ्ख्या, बैठकमा सहभागिता, बैठकका निर्णयहरू र निर्णयहरू कार्यान्वयनको अवस्था

आ.व २०८१।०८२ मा सञ्चालक समितिको बैठक १३ पटक बसेको देखिन्छ । सञ्चालक समितिको बैठकमा भएका निर्णयहरूको कार्यान्वयनका सम्बन्धमा पछिल्लो बैठकको प्रस्ताव नं २ मा छलफल गरी कार्यान्वयन हुन नसक्नुका कारण समेत समिक्षा गरेको देखिन्छ ।

## बैठकमा सहभागि विवरण

| सञ्चालकहरूको नाम थर | पद | उपस्थिती |
|---|---|---|
| श्री विश्वनाथ अर्याल | अध्यक्ष | १३ |
| श्री रामप्रसाद लुईटेल | उपाध्यक्ष | ११ |
| श्री विजया लामिछाने | सचिव | १३ |
| श्री दामोदर सापकोटा | कोषाध्यक्ष | १३ |
| श्री इन्द्रमणी नेपाल | सञ्चालक सदस्य | १२ |
| श्री प्रदिप रिसाल | सञ्चालक सदस्य | ११ |
| श्री एककृष्ण पराजुली | सञ्चालक सदस्य | १२ |
| श्री मुक्तिनाथ पराजुली | सञ्चालक सदस्य | १३ |
| श्री गोमा पराजुली न्यौपाने | सञ्चालक सदस्य | १२ |

## ३ वार्षिक योजना तथा प्रगतिको अवस्था

१७औं वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक लक्ष्य अनुसारको प्रगती यस प्रकार रहेको देखिन्छ

| सि.न. | विवरण | आ.व २०८१।०८२ | | |
|---|---|---|---|---|
| | | निर्धारीत लक्ष्य | प्रगती | फरक |
| १ | ऋण लगानी | २५,३८,२७,००० | २२६,९७०,४१९.१४ | (२,६८,५६,५८०.८६) |
| २ | बचत हिसाब | २३,४५,४९,००० | २२०,६७९,१३५.८६ | (१,३८,६९,८६४.१४) |
| ३ | शेयर पुँजि | २,२१,४०,००० | २१,२२८,७००.०० | (९,११,३००.००) |
| ४ | जम्मा सम्पति तथा दायित्व हिसाब | ३२,१३,००,००० | २८७,०८७,९२१.९३ | (३,४२,१२०७८.०७) |

## ४ वित्तिय व्यवस्थापनको अवस्था

PEARLS Monitoring Sysem विश्लेषणको विवरण

- कूल सम्पतिमा शेयर पूँजीको अनुपात (१०-२०)% हुनुपर्नेमा ७.३९ प्रतिशत देखिएको छ।
- कूल पूँजीमा संस्थागत पूँजिको अनुपात १०% हुनु पर्नेमा ८.०७ प्रतिशत देखिन्छ संस्थागत पूँजि थप वृद्धि गर्दा संस्था थप सुदृढ हुने देखिन्छ।
- तरलता अनुपात कम्तिमा १५ प्रतिशत हुनुपर्ने मा २६.८० प्रतिशत रहेको देखिन्छ।
- सदस्य वृद्धि अनुपात १५ प्रतिशत हनुपर्नेमा ५.६२ प्रतिशत कमी भएको देखिन्छ। यस वर्ष संस्थामा १४० जना सदस्य थप भएको र लामो समयदेखि निष्कृय रहेका १७७ जना सदस्यको सदस्यता सञ्चालक समितिको निणर्यबाट खारेज गरेको देखिन्छ। यसरी सदस्यता खारेज गर्दा संस्थाको पुनर्लिखित विनियम २०६५को व्यवस्था बमोजिम गरेको देखिन्छ।
- भाखा नघेको ऋणको अनुपात ५ प्रतिशतभन्दा कम हुनु पर्नेमा ४.४७ प्रतिशत रहेको देखिन्छ। संस्थाले भाखा नाघेको ऋणको गणना गर्दा नेपाल सरकार राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन बमोजिम असल ऋण, कमसल ऋण, शंकास्पद ऋण र खराब ऋणको रूपमा वर्गिकरण गरी सोका आधारमा मासिक रूपमा सुरक्षण खर्च लेख्ने नीति लिएको देखिन्छ।
- १२ महिनाभन्दा बढि भाखा नागेको ऋणका लागि पर्याप्त सुरक्षण व्यवस्था गरिएको छ भने यस आर्थिक वर्षमा ऋण अपलेखन गरिएको देखिदैन।

## ५ सहकारी ऐन नियम मापदण्ड, सम्पत्ति शुद्धिकरण निवारण निर्देशनको पालनाको अवस्था

सहकारी ऐन २०७४, नियमावली २०७५, वाग्मती प्रदेश सहकारी ऐन २०७६ तथा सहकारी नियमावली २०७६ लाई पालना गर्दै संस्था अगाडि बढेको देखिन्छ। आगामी दिनहरूमा समेत यसको निरन्तरतको लागि सुझाव दिईन्छ। सहकारी विभाग तथा नियमनकारी निकायबाट जारी निर्देशन तथा सुझावहरू पालना गरेको देखिन्छ। सम्पत्ति शुद्धिकरण निवारणका लागि सहकारी विभागबाट जारि निर्देशन कार्यान्वयनको दिशामा गएको देखिन्छ। संस्थाबाट हुन सक्ने सम्भावित सम्पत्ति शुद्धिकरण निवारण गर्न संस्थाले २ लाखभन्दा बढीको भुक्तानी चेकबाट गर्ने गरेको देखिन्छ।

**६. संस्थाको विनियम तथा आन्तरीक नीति, कार्यबिधिहरू कार्यान्वयनको अवस्था :**

संस्थाको पुनर्लिखित विनियम २०७९ तथा आन्तरिक नीति, कार्यविधिहरूको पूर्णरूपमा कार्यान्वयन गर्ने प्रयास गर्दै आईरहेको देखिन्छ । आगामी दिनमा समेत विनियमको व्यवस्थाहरू पूर्णरूपमा कार्यान्वयनमा जाने विश्वास लेखा समितिले लिएको छ ।

**७.ऋण लगानीको प्रक्रिया, ऋण सुरक्षण तथा धितोसम्बन्धी व्यवस्था :**

संस्थाको ऋण नीति २०७६ अनुसार ऋण लगानी तथा असुली गरेको पाइयो । संस्थाले १० लाखभन्दा बढि ऋण लगानी गर्दा अनिवार्य रूपमा वाह्य स्वतन्त्र धितो मूल्याङ्कन कर्ताबाट धितोको मूल्याङ्कन गरी ऋण लगानी गरेको पाईयो । सदस्यहरूलाई ऋण लगानी गर्दा सम्भव भएसम्म धितो सुरक्षणका आधारमा मात्र ऋण लगानी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा सहकारी विभागले जारी गरेको मापदण्डअनुसार बिना धितो ऋण लगानी अधिकतम रु.३,००,००० सम्म तोकिएको समयावधिभित्र कायम गराइ सक्नुपर्ने हुँदा सोभन्दा बढी ऋण बिना धितो ऋण सेवा उपयोग गरिहनु भएका सदस्यज्यूहरूमा यथासिघ्र व्यवस्थापन गरिदिनुहुन लेखा सुपरिवेक्षण समिति समेत अनुरोध गर्दछ ।

**८.स्वयंसेवीहरूको सक्षमता विकासका कार्यक्रमहरू, भत्ता र सुविधाहरूको विवरण :**

सञ्चालक समिति तथा अन्य उपसमितिहरूलाई क्षमता विकासका तालिमहरू बेला बेलामा आयोजना गरेको पाईयो । सञ्चालक समिति र विभिन्न उप समितिहरूको बैठक बसेको दिन बैठक भत्ता आ.व.०८१।०८२मा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र ऋण लगानी उपसमिति प्रति व्यक्ति, प्रति बैठक (कर बाहेक) रु.२०००।- तथा अन्य उपसमितिहरूको बैठक भत्ता प्रति व्यक्ति प्रति बैठक कर बाहेक रु.१००० का दरले जम्मा रु.३,२७,०७५ । प्रदान (खर्च) गरेको पाईयो ।

**९.मानव संसाधन व्यवस्थापन तथा प्रभावकारिता :**

नेपाल सरकारबाट जारी गरिएको श्रम ऐन २०७४ मा व्यवस्था गरिएअनुसार संस्थाले मानव संसाधन व्यवस्थापन नीति २०७७ लागू गरेको पाईयो । श्रम ऐन २०७४ तथा श्रम नियमावलीमा व्यवस्था भएबमोजिम संस्थाले श्रम अडिट गरेको पाईयो । संस्था सामाजिक सुरक्षा कोषमा आवद्ध भई प्रचलित श्रम ऐन तथा सामाजिक सुरक्षा ऐन बमोजिम सञ्चालन भएको देखिन्छ । सामाजिक सुरक्षाकोषमा आवद्ध हुनु पूर्वको उपदान कोष खर्च र विरामी विदा बापतको खर्च यसै आर्थिक वर्षमा भुक्तान गरेको देखिन्छ ।

**१०.विद्यमान जोखिम तथा व्यवस्थापनको अवस्था :**

नेपाल सरकारले यस वर्ष सहकारी ऐन २०७४को संसोधन गरी राष्ट्रिय सहकारी नियम प्राधिकरण गठन गरी नियमनको मापदण्ड समेत जारी गरेको अवस्था छ । सहकारी संस्थाको नियमन तथा प्राधिकरणमा दर्ता गर्ने प्रकृया छिट्टै नै शुरु गर्ने दिशामा प्राधिकरण तयारी रहेको हुँदा सम्भावित सुपरिवेक्षण सिर्जना हुन सक्दछ । यसका लागि सबै शेयर सदस्य तथा समिति उपसमिति लगायत कर्मचारी समेतको तर्फबाट जोखिम न्यूनीकरणमा लाग्नुपर्ने देखिन्छ ।

**११. सहकारी सदस्य सिद्धान्त परिपालना तथा सदस्य केन्द्रियता सूचकहरूमा संस्थाको अवस्था :**

सहकारी सिद्धान्त परिपालनामा संस्था प्रतिबद्ध रहेको पाइयो । सहकारी संस्थाहरूको मुल्य मान्यता स्थापित गरी संस्था सञ्चालन गरेको देखिन्छ, साथै संस्थाको संस्थागत कार्यक्रमहरूमा सदस्यहको उल्लेखनिय सहभागीतालाई प्राथमिकता दिएको पाइयो । सहकारी संस्थाको मूल्य मान्यता र सिद्धान्तहरूलाई सदस्यहरू माझमा स्थापित गर्न शिक्षा तालिम तथा विस्तारित मञ्चको योगदान धेरै हुने हुँदा यस्ता कार्यक्रमको निरन्तरता दिनपर्ने देखिन्छ ।

**१२.सदस्य शिक्षा तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू :**

यस आ.व.मा संस्थाले महिला सदस्यहरूसँग अर्न्तक्रिया, मानव संसाधनको विकास, सञ्चालक समिति तथा कर्मचारीहरूमा शिक्षा, तालिम उपलब्ध गराएको देखिन्छ । संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत संस्था स्थापनाको १८औं दिवसका दिन संस्थामा कायम ७० वर्ष माथिका शेयर सदस्यहरूलाई नगदसहित सम्मान गरेको देखिन्छ। आगमी दिनहरूमा समेत यस्ता किसिमका सामाजिक उत्तरदायित्वका थप कार्यक्रमहरू सञ्चालन गर्न लेखा सुपरिवेक्षण समिति सुझाव गर्दछ ।

**१३.सहकारी सञ्जालमा सहभागिता :**

राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, वाग्मती प्रोस्कुन, कास्कुन तथा जिल्ला सहकारी संघमा आवद्ध भई त्यहाँबाट समय समयमा आयोजना गरिने विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाएको पाईयो । संस्थाले वाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.काठमाडौं फिल्ड कार्यालय सञ्चालक उससमितिमा सहभागिता जनाएको देखिन्छ । नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. मार्फत प्रवर्द्धित प्रोवेसन कार्यक्रम अर्न्तगत नियमित रिपोर्टिङ्ग मार्फत कार्यक्रम निरन्तरता दिएको देखिन्छ ।

## १४.उप समितिहरूको कार्यसम्पादन अवस्था :

संस्थाको १५औं वार्षिक साधारणसभा पश्चात निर्वाचित सञ्चालक समितिले विभिन्न उपसमिति गठन गरी उपसमितिलाई कार्य विवरणसमेत उपलब्ध गराएको पाईयो । केही उपसमितिहरू सक्रिय देखिन्छ भने केही उपसमितिहरू निष्कृय देखिन्छ । सञ्चालक समितिले यस वर्ष शिक्षा तथा तालिम उपसमिति पुनर्गठन गरेको देखिन्छ ।

## १५.लेखा सुपरीवेक्षण समितिको बैठक तथा आन्तरिक लेखा परीक्षणका अवस्थाः

यस आ.व. मा विभिन्न समयमा पाँचपटक बैठक बसी आन्तरिक लेखा परीक्षण सम्पन्न भएको छ। आन्तरिक लेखा परीक्षण गर्दा संस्थाको हिसाब खाता, भौचर, बिल, भर्पाइ, तलबी भर्पाइ, सञ्चालक समितिको निर्णय अभिलेख, संस्थाको संस्थागत नीतिहरू, वार्षिक योजना, सञ्चालकहरूको व्यक्तिगत फाइलहरू, कर्मचारीहरूको व्यक्तिगत फाइलहरू, उपसमितिहरूको निर्णय अभिलेख, ऋणको फाइलहरू, नगद मौज्दात अभिलेख, बैंक कारोबारको कथन (Statement), सुरक्षा (बीमा) सम्बन्धी अभिलेखहरूको विभिन्न विधि मार्फत नियमित आन्तरिक लेखापरीक्षण गरिएको छ ।

## १६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन कार्यान्वयनको अवस्थाः

आन्तरिक लेखा परीक्षण प्रतिवेदनले समयमा सञ्चालक समितिलाई दिने गरेको प्रतिवेदन सञ्चालक समितिको बैठकमा छलफल गरी उल्लेख गरिएका सुझावहरू ग्रहण गर्ने निर्णय गर्न तथा आवश्यक सुधार गर्ने गरिएको पाइनुका साथै आगामी दिनहरूमा समेत निरन्तरता रहनेछ भन्ने विश्वास लेखा सुपरीवेक्षण समितिले गरेको छ ।

## १७. पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन)को कार्यान्वयनको अवस्था

संस्थाले पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन)मा कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस वर्षबाट नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघले संस्थाहरूको कार्यकुशलता एवं सिकाई व्यवस्थापन कार्यशाला सञ्चालन तथा अनुगमन नीतिमा परिर्वतन गरेको देखिन्छ। भौतिक उपस्थिति बिना नै संस्थाको नियमित सुपरिवेक्षण गर्ने प्रविधिको विकास गरेको छ । यस वर्ष संस्थाको प्रोवेसन कार्यक्रम अर्न्तगत दुईपटक स्थलगत अनुगमनसमेत गरेको देखिन्छ ।

## १८.लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

सहकारी नियमन प्राधिकरणबाट निर्देशन जारी भएपश्चात् भाखा नाघेको ऋण गणना तथा जोखिम नोक्सानी कोषको व्यवस्थामा समेत परिर्वतन गर्नुपर्ने देखिन्छ । सदस्यहरूको

ऋणको तोकिएको शुल्क तिरी नविकरण गर्ने परम्परागत परिपाटिलाई परिर्वतन गरी साँवा तथा व्याज अनिवार्य किस्ताबन्दिमा असुल गर्नुपर्ने हुँदा भाखा नाघेको ऋणको प्रतिशत बढ्न जाने लेखा सुपरिवेक्षण समितिको अनुमान रहेको छ। यसरी सम्भावित जोखिमयुक्त ऋणको असुलीका लागि तत्काल असुली कार्ययोजना बनाई ऋण असुली प्रक्रिया थाल्नुपर्ने हुन सक्दछ।

## १९. बचत सङ्कलन तथा ऋण लगानी सीमा

सहकारी ऐन २०७४को संशोधन मार्फत व्यक्तिगत बचत सङ्कलन तथा ऋण लगानीमा सीमा तोकिदिएको छ। यसरी बचत सङ्कलन र ऋण लगानी गर्दा संस्थागत पूँजी कोषको पर्याप्तता मापन गरी मात्र बचत सङ्कलन गर्न सक्ने र हाल भएका बचतहरूलाई समेत आगामी २०८२ चैत्र १८ गतेसम्म बचत तथा ऋणको व्यक्तिगत सीमा कायम गरेर जाने नीति संस्थाले लिनुपर्ने देखिन्छ।

## २०. लेखा सुपरिवेक्षण समितिको सुझावहरू :

यस वर्षबाट सहकारी नियमन प्राधिकरण, कर्जा असुली न्याधिकरण, कर्जा सुरक्षण कोष तथा निक्षेप सुरक्षण कोषमा समेत संस्था दर्ता भई सञ्चालन हुनुपर्ने कानूनी व्यवस्था सिर्जना भएको छ। यसबाट समग्र शेयर सदस्य तथा संस्थाको दीर्घकालीन हित स्थापित हुने भएता पनि तत्कालका लागि भने प्राविधिको जडान, दर्ता, नविकरण, पूँजीगत लगानी आदिले गर्दा थप दायित्व सिर्जना हुन सक्ने हुदाँ सोको व्यवस्थापन गर्दा संस्था तथा सदस्यमा प्रतिफलमा समेत केही परिर्वतन हुनसक्ने हाम्रो अनुमान रहेको छ। तथापि संस्था कानूनी, भौतिक एवं प्राविधिक रूपमा समेत सक्षम रहँदा अवसरको रूपमा प्राप्त हुने अपेक्षा हामीले राखेका छौं।

अन्त्यमा, आन्तरिक लेखा परीक्षणको शिलशिलामा सहयोग गर्नु हुने सञ्चालक समिति, विभिन्न उप समिति तथा व्यवस्थापन टिमलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं। धन्यवाद जय सहकारी जय नव सृजनशील साकोस !

२०८२ भाद्र २१ गते शनिबार, सूर्य इभेन्ट प्रा.लि, धुम्बाराही, काठमाडौं।

| ................................... | ................................... | ................................... |
|---|---|---|
| देवकी धिताल | शारदा भट्टराई | विश्वराज लामिछाने |
| सदस्य | सदस्य | संयोजक |

P. BINAYA & ASSOCIATES
Chartered Accountants

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

Mambership No. 1689, COP No. 1135, Firm No. 1015 PAN NO. 115560136

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु,
नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
चावहिल, काठमाण्डौं ।

### आ.व. २०८१/८२ को वित्तीय विवरण उपर प्रतिवेदन

**कैफियत सहितको राय :**

हामीले यसै साथ संलग्न **नवसृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड को** ३२ असार २०८२ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

तल बुदा नं. १ देखि २ सम्म लेखिएका कुराहरु तथा त्यसबाट वित्तीय विवरणहरुमा पर्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा, ३२ असार २०८२ को आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा नेपाल वित्तीय प्रतिवेदनमान **(NFRS)** अनुरुप तथा अन्य कानुनी आवश्यकता बमोजिम समुचित तथा यथार्थ चित्रण गर्दछ ।

१ **NFRS बमोजिमको ऋण नोक्सानी व्यवस्था गणना गर्न पर्याप्त तथ्याङ्क नभएकाले संस्थाले सहकारी प्राधिकरण र विभागद्वारा निर्देशन भए बमोजिम ऋण नोक्सानी व्यवस्था गर्ने नीति लिएको पाइयो ।**
**संस्थाको लगानीमा रहेका सम्पुर्ण ऋणहरुलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड, २०८२ अनुसार असल, कमसल, शंकास्पद र खराब ऋणमा वर्गिकरण गरी रु. ७८,७२,१९४ ऋण नोक्सानी कोषको व्यवस्था गरेको पाइयो ।**

२. **संस्थाले आ.व. २०८१/८२ मा केही ऋणी सदस्यहरुको ऋण नविकरण गरेको पाइयो ।**

**कैफियत सहितको रायका आधारहरु,**

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ति लेखापरीक्षण मान अनुसार हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य

Kageshwori Manohara-6, Kathmandu, Email id: pbinaya.ca@gmail.com, Mob No. 9863394685

प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपर्युक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters) :**

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरु हुन् जुन हाम्रो व्यवसायीक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ । उक्त मामिलाहरु वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| | | |
|---|---|---|
| १ | **सूचना प्रविधि प्रणाली**<br>संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोटिङ्ग हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति जाँच गरियो । हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानुकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । हामीले नमूनाको आधारमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको जाँच गर्यौं । संस्थाको कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति समय सापेक्ष तयार गरि अद्यावधिक गर्नुपर्ने ठान्यौ । |
| २ | **आय कर व्यवस्था**<br>संस्थाको कारोवारमा आय कर ऐन र नियमावली अनुसार करको गणनामा गल्ती हुन सक्ने र जरिवाना लाग्ने उच्च सम्भावनाको कारण हामीले आय करको व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ मा भएको व्यवस्था हेरियो ।<br>संस्थाले व्यवस्था गरेको आय करको गणनाको जाँच गरियो ।<br>संस्थाले सम्पूर्ण कारोबारमा महानगरपालिकामा लाग्ने करको दर (२०%) ले आय कर व्यवस्था गरेको पाइयो । |
| ३ | **कानुनी अनुपालना**<br>सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरुको अनुपालना गर्नुपर्ने हुन्छ । ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी अनुपालनालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन/नियमावली/निर्देशन, श्रम ऐन/नियमावलीको अनुपालना जाँच गरियो । |

| | | |
|---|---|---|
| | | नियामक निकायमा पेश गरिएको विवरणहरु जाँच गरियो ।<br>संस्थाले कानुनी अनुपालनामा अझै केही कुराहरु कार्यान्वयन गर्नुपर्ने ठान्यौ । |

**अन्य जानकारी**

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभुत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनुपर्ने कुनै तथ्यहरु छैन ।

**आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता **(Going Concern)** कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आँकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन

जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौँ ।

यस क्रममा, हामीले :

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौँ । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षण सँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौँ, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (Reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौँ ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौँ । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मिति सम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौँ ।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौँ । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौँ । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौँ ।

हामीले शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौँ । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रता सगँ सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौँ । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौँ ।

**अन्य कानूनी र नियमनकारी व्यवस्थाहरु सम्बन्धी प्रतिवेदन**

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) **सदस्यले सदस्यता त्याग गर्दा सहकारी नियमावली २०७५ को नियम २४(१) बमोजिम शेयर रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिन भित्र पाउन बाँकी शेयर लाभांश रकम र संरक्षित पूँजी फिर्ता बापतको रकम समेत फिर्ता गर्न सुझाव गरिन्छ । सहकारी ऐन २०७४ को दफा ३४(३) बमोजिम साधारण सभा बोलाउने निर्णय भईसकेपछि साधारण सभा सम्पन्न नभए सम्म कसैलाई पनि सदस्यताबाट हटाउन नहुने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।**

च) संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएका व्यवस्थाहरुको अनुपालना गरेको देखिन्छ । **सदस्यहरुको कारोबारको जोखिम वर्गिकरणमा अझै थप काम गर्नुपर्ने देखिन्छ ।**

छ) **संस्थाले आफ्नो सम्पत्ति र दायित्व स्पष्ट रुपमा खुल्ने गरी संस्थाको संक्षिप्त विवरण र मुख्य गतिविधिहरु सहितको स्वेतपत्र त्रैमासिक रुपमा जारी गर्नुहुन सुझाव गरिन्छ ।**

ज) **संस्थालाई निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनुहुन सुझाव गरिन्छ ।**

P. Binaya & Associates, Chartered Accountants, Kathmandu, Nepal

झ) संस्थालाई नेपाल राष्ट्र बैंक २०५८ बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी ऋण कारोवारको सूचना आदानप्रदान गर्नुहुन सुझाव गरिन्छ ।

ञ) संस्थाको जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन ऋण उपसमितिले जोखिमको विश्लेषण गरी सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्छ । सञ्चालक समितिले उक्त प्रतिवेदन र नियामक निकायबाट प्राप्त निरीक्षण तथा अनुगमनको प्रतिवेदनलाई साधारण सभामा छलफल गरी निर्णय गर्नुहुन सुझाव गरिन्छ ।

ट) श्रम ऐन, २०७४ को दफा १०० तथा श्रम नियमावली, २०७५ को नियम ५६ मा प्रत्येक प्रतिष्ठानले नियमावली २०७५ को अनुसुची १० बमोजिमको ढाँचामा प्रत्येक आ.व. को पुष मसान्त सम्म श्रम अडिट गरी सम्बन्धित श्रम रोजगार कार्यालयमा पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। श्रम अडिटको व्यवस्थाबाट असल श्रम सम्बन्ध कायम हुने हुनाले यो कानुनी व्यवस्थालाई सबैले पालना गर्दा श्रम तथा रोजगार क्षेत्रमा सकारात्मक प्रभाव पर्ने कुरा सर्वविदितै भएकोले श्रम अडिट सम्बन्धी कानुनी व्यवस्थाको पुर्णरुपमा परिपालना गर्नुहुन सुझाव छ। तोकिएको समयमा विभागको **ILMIs\ System** मार्फत वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयको ईमेल मार्फत श्रम अडिट पेश गर्न हुन सुझाव गरिन्छ ।

सिए. विनय फुयाल
प्रोप्राइटर

मिति : २०८२।०५।०१ गते
स्थान : चावहिल, काठमाडौ।

पि. विनय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
**UDIN NO. 250817CA01689qQS7d**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चावहिल, काठमाडौ

## वित्तीय अवस्थाको विवरण (वासलात)
२०८२ साल असार मसान्त

| विवरण | टिप्पणी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४ | ५९,२६७,०९०.५० | ३०,८४७,१४३.८४ |
| मुद्दती मौज्दात | ५ | - | - |
| सदस्यलाई दिएको ऋण सापटी | ६ | २२०,३३५,८८०.९५ | २२३,९८८,११४.५२ |
| कर्मचारीलाई दिएको ऋण सापटी | ७ | - | - |
| धितोपत्रमा लगानी | ८ | १,३६५,०००.०० | १,३६५,०००.०० |
| आयकर सम्पत्ति | ९ | ४६२,३९१.०७ | ६२४,६००.४७ |
| लगानी सम्पत्ति (गैर बैकिङ्ग सम्पत्ति) | १० | - | - |
| सम्पत्ति तथा उपकरण | ११ | १,१४३,४२९.३० | १,१२५,५४८.३४ |
| अदृश्य सम्पत्ति | १२ | ४,३४४.६२ | ५,८७०.८९ |
| उपयोगको अधिकार सम्पत्ति | १३ | ३,४६३,७६६.३६ | ३,९७६,९१६.९३ |
| अन्य सम्पत्तिहरु | १४ | १,१३१,६४०.४२ | १,७५२,९१६.६१ |
| स्थगन कर सम्पत्ति | १५ | - | २५७,५८६.३४ |
| **कुल सम्पत्ति** | | **२८७,१७३,५४३.२२** | **२६३,९४३,६९७.९५** |
| **दायित्व** | | | |
| तिर्न बाँकी बाह्य ऋण | १६ | ५,५२०,८२४.९० | १७,९७४,७९५.९८ |
| सदस्यबाट संकलन गरेको बचत | १७ | २२०,६७९,१३५.८६ | १८७,२९७,९५६.९४ |
| आयकर दायित्व | ९ | - | - |
| पट्टा दायित्व | १८ | ४,१८०,६७५.९७ | ४,३९९,८५२.२० |
| अन्य दायित्वहरु | १९ | २,५९९,७४३.३३ | ३,०४५,३१०.२६ |
| स्थगन कर दायित्व | १५ | १९६,५४७.५४ | - |
| **जम्मा दायित्वहरु** | | **२३३,१७६,९२७.६०** | **२१२,७१७,९१५.३८** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | २० | २१,२२८,७००.०० | २०,४४८,७००.०० |
| साधारण जगेडा कोष | २१ | २१,२४१,२११.६९ | १९,४८०,८६३.१४ |
| अन्य कोषहरु | २२ | ११,५२६,७०३.९२ | ११,२९६,२१९.४३ |
| **कुल पूँजी** | | **५३,९९६,६१५.६२** | **५१,२२५,७८२.५७** |
| **कुल पूँजी तथा दायित्व** | | **२८७,१७३,५४३.२२** | **२६३,९४३,६९७.९५** |
| **संभावित दायित्व तथा प्रतिवद्दता** | २३ | - | - |
| **प्रति शेयर खुद सम्पत्ति** | | **२५४.३६** | **२५०.५१** |

मिति : ०१/०५/२०८२ — आजको मितिको संलग्न प्रतिवेदन अनुसार

स्थान : चावहिल, काठमाडौ ।

| अर्जुन अर्याल | दामोदर सापकोटा | विजया लामिछाने | विश्वनाथ अर्याल | सिए. विनय फुयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | पि. विनय एण्ड एसोसिएट्स |

**नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
चावहिल, काठमाडौं

**नाफा वा नोक्सान विवरण**
२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | २४ | ३७,३३४,१९६.६५ | ३४,७५७,५६५.१६ |
| ब्याज खर्च | २५ | २२,०५७,९६३.६२ | २०,९८२,१९६.८५ |
| **खुद ब्याज आम्दानी** | | **१५,२७६,२३३.०३** | **१३,७७५,३६८.३१** |
| शुल्क तथा कमिशन आम्दानी | २६ | २,०४८,८९३.५१ | २,६६०,५८८.०८ |
| शुल्क तथा कमिशन खर्च | २७ | ३,५४६.७० | ३,५६७.४० |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१७,३२१,५७९.८४** | **१६,४३२,३८८.९९** |
| अन्य सञ्चालन आम्दानी | २८ | ४५०,९८९.२२ | ५६७,७१६.७१ |
| **कुल सञ्चालन आम्दानी** | | **१७,७७२,५६९.०६** | **१७,०००,१०५.७०** |
| ऋण तथा अन्य सम्पत्तिमा नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | २९ | १,००८,२८१.७९ | १,०१६,८५१.५६ |
| **खुद सञ्चालन आम्दानी** | | **१६,७६४,२८७.२७** | **१५,९८३,२५४.१४** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ३० | ५,९००,६७१.३१ | ४,९९६,८३४.०७ |
| प्रशासनिक खर्च | ३१ | २,७७६,२८८.८३ | २,५६४,७८३.४६ |
| ह्रासकट्टि र परिषोधन खर्च | ३२ | ७१९,०३६.८८ | ६१७,७०६.०१ |
| **सञ्चालन नाफा** | | **७,३६८,२९०.२५** | **७,८०३,९३०.६०** |
| गैर सञ्चालन आम्दानी | ३३ | ३४३,०२५.१० | - |
| गैर सञ्चालन खर्च | ३४ | - | - |
| **आयकर अधिको नाफा** | | **७,७११,३१५.३५** | **७,८०३,९३०.६०** |
| आयकर खर्च | ३५ | | |
| चालु आयकर | | १,३३१,४७५.२० | १,४४७,६०५.३२ |
| स्थगन कर आम्दानी/खर्च | | ४५४,१३३.८८ | - १३,२४७.७३ |
| **खुद नाफा/(नोक्सान)** | | **५,९२५,७०६.२८** | **६,३६९,५७३.०१** |

मिति : ०१/०५/२०८२
स्थान : चावहिल, काठमाडौं ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| अर्जुन अर्याल<br>व्यवस्थापक | दामोदर सापकोटा<br>कोषाध्यक्ष | विजया लामिछाने<br>सचिव | विश्वनाथ अर्याल<br>अध्यक्ष | सिए. विनय फुयाल<br>पि. विनय एण्ड एसोसिएट्स |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## अन्य विस्तृत आम्दानीको विवरण

२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| यस वर्षको खुद नाफा/(नोक्सान) | ५,९२५,७०६.२८ | ६,३६९,५७३.०१ |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने बुँदाहरु** | | |
| फेयर भ्याल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | - | - |
| पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - |
| परिभाषित लाभ योजनाबाट बीमाङ्किक नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने अन्य खुद विस्तृत आम्दानी** | **-** | **-** |
| **ख) नाफा/(नोक्सान)मा पुनःवर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | |
| नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान) | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | **-** | **-** |
| **ग) इक्विटी तरिकाबाट लेखांकन गरिएको सम्बद्द संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा** | **-** | **-** |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | **-** | **-** |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | **५,९२५,७०६.२८** | **६,३६९,५७३.०१** |

मिति : ०१/०५/२०८२

स्थान : चावहिल, काठमाडौ ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| अर्जुन अर्याल | दामोदर सापकोटा | विजया लामिछाने | विश्वनाथ अर्याल | सिए. विनय फुयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | पि. विनय एण्ड एसोसिएट्स |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## नगद प्रवाह विवरण

२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **कारोबार सञ्चालनबाट भएको नगद प्रवाह** | | |
| आयकर व्यवस्था अघिको खुद नाफा | ७,७११,३१५.३५ | ७,८०३,९३०.६० |
| उठ्न बाँकी ब्याज रकम | (६९,८३९.७८) | (४४५,०१४.९७) |
| कर्जा नोक्सानी जोखिम व्यवस्था | १,००८,२८१.७९ | १,०१६,८५१.५६ |
| बाह्य ऋणको ब्याज खर्च | १,०९६,३४५.१८ | २,२६१,४३१.५९ |
| ह्रासकट्टि र परिशोधन खर्च | ७१९,०३६.८८ | १०४,५५५.४४ |
| | **१०,४६५,१३९.४२** | **१०,७४१,७५४.२२** |
| **चालु सम्पत्ति दायित्वमा कमी/(वृद्धि)** | | |
| सदस्यबाट संकलन गरेको बचतमा वृद्धि/(कमि) | ३३,३८१,१७८.९२ | २६,६६४,९३९.७१ |
| अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि) | (४६८,१९५.६२) | (१,६७३,८९०.९८) |
| सदस्यलाई दिएको ऋण सापटीमा (वृद्धि)/कमि | ३,१६१,३९६.६१ | (४३,१८२,४३६.३९) |
| अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि | १,१३४,४२६.७६ | २३९,७२२.५२ |
| आयकर भुक्तानी | (१,६२३,३९९.६८) | (७०१,५०६.०२) |
| **कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)** | **४६,०५०,५४६.४२** | **(७,९११,४१६.९४)** |
| **लगानीबाट भएको नगद प्रवाह** | | |
| लगानीमा कमी/(वृद्धि) | - | (३००,०००.००) |
| स्थिर सम्पत्ति (खरिद)/बिक्री | (७३५,३९१.५७) | (६५९,७१३.३३) |
| **लगानीबाट खुद नगद प्रवाह (ख)** | **(७३५,३९१.५७)** | **(९५९,७१३.३३)** |
| **वित्तीय कारोबारबाट भएको नगद प्रवाह** | | |
| शेयर पूँजीमा वृद्धि | ७८०,०००.०० | ९३७,१००.०० |
| बाह्य ऋणमा वृद्धि/(कमि) | (१२,४५३,९७१.०८) | ४,७७३,२००.०० |
| बाह्य ऋणको ब्याज खर्च | (१,०९६,३४५.१८) | (२,२६१,४३१.५९) |
| लाभांश भुक्तानी | (२,३१७,२३८.४१) | (२,४१०,५४२.०४) |
| अन्य कोषहरुको वितरण समायोजन | (१,८०७,६५३.५२) | (२८९,२७१.४९) |
| **वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)** | **(१६,८९५,२०८.१९)** | **७४९,०५४.८८** |
| **यस अवधिको खुद नगद प्रवाह (क+ख+ग)** | **२८,४१९,९४६.६६** | **(८,१२२,०७५.३९)** |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | ३०,८४७,१४३.८४ | ३८,९६९,२१९.२३ |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **५९,२६७,०९०.५०** | **३०,८४७,१४३.८४** |

मिति : ०१/०५/२०८२

स्थान : चावहिल, काठमाडौ ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| अर्जुन अर्याल | दामोदर सापकोटा | विजया लामिछाने | विश्वनाथ अर्याल | सिए. विनय फुयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | पि. विनय एण्ड एसोसिएट्स |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## नाफाको बाँडफाँड हिसाव

२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | प्रतिशत | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| यस वर्षको मूनाफा | | ५,९२५,७०६.२८ | ६,३६९,५७३.०१ |
| घटाउने : संचित नाफा | | - | - |
| घटाउने : NFRS समायोजन कोष | | ६९,८३९.७८ | ४४५,०१४.९७ |
| **वितरणयोग्य मूनाफा** | | **५,८५५,८६६.५०** | **५,९२४,५५८.०४** |
| साधारण जगेडा कोष | २५ | १,४६३,९६६.६२ | १,४८१,१३९.५१ |
| **संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा** | | **४,३९१,८९९.८७** | **४,४४३,४१८.५३** |
| **बाँडफाँड** | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५ | १,०९७,९७४.९७ | १,११०,८५४.६३ |
| सहकारी प्रर्वद्धन कोष | ०.५ | २१,९५९.५० | २२,२१७.०९ |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | **३,२७१,९६५.४०** | **३,३१०,३४६.८०** |
| **अन्य कोषको बाँडफाँड** | | | |
| शेयर लाभांश कोष | ७० | २,२९०,३७५.७८ | २,३१७,२४२.७६ |
| सहकारी शिक्षा कोष | ५ | १६३,५९८.२७ | १६५,५१७.३४ |
| सहकारी विकास कोष | ५ | १६३,५९८.२७ | १६५,५१७.३४ |
| सामुदायिक विकास कोष | ५ | १६३,५९८.२७ | १६५,५१७.३४ |
| घाटापूर्ति कोष | ५ | १६३,५९८.२७ | १६५,५१७.३४ |
| स्थिरीकरण कोष | ५ | १६३,५९८.२७ | १६५,५१७.३४ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | १६३,५९८.२७ | १६५,५१७.३४ |
| **जम्मा** | १०० | **३,२७१,९६५.४०** | **३,३१०,३४६.८०** |

मिति : ०१/०५/२०८२

स्थान : चावहिल, काठमाडौ ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| अर्जुन अर्याल | दामोदर सापकोटा | विजया लामिछाने | विश्वनाथ अर्याल | सिए. विनय फुयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | पि. विनय एण्ड एसोसिएट्स |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## ४ नगद तथा नगद समान

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| नगद मौज्दात | ३१३.९८ | - |
| बैंक तथा वित्तीय संस्थासँग रहेको मौज्दात | ३७,२००,३४०.६४ | १२,१९२,६५२.६१ |
| सहकारी संघ संस्थासँग रहेको मौज्दात | २२,०६६,४३५.८८ | १८,६५४,४९१.२३ |
| सहकारी संघसँग रहेको नियमित मौज्दात | - | - |
| वित्तीय संस्था र सहकारी संघसँगको ३ महिना भन्दा कमको मुद्दती मौज्दात | - | - |
| अन्य | - | - |
| **जम्मा** | **५९,२६७,०९०.५०** | **३०,८४७,१४३.८४** |

नगद तथा नगद समानलाई वित्तीय अवस्थाको विवरणमा अपलेखित लागतमा पहिचान गरिन्छ । भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ । नगद तथा नगद समानमा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्था र सहकारी संघमा रहेको मौज्दातलाई समावेश गरिएको छ ।

वित्तीय लगानीलाई तीन वा तीन महिना भन्दा कम परिपक्वता रहेको अवस्थामा नगद तथा नगद समानको रुपमा वर्गीकृत गरिएको छ । यी लगानीहरुमा बैंक तथा वित्तीय संस्था र सहकारी संघसँगको मौज्दात (Placement) पर्दछन जुन अत्याधिक तरल मानिन्छ र संस्थाले छोटो प्रतिबद्धता प्रबन्ध गर्ने उद्देश्यका लागि राखिएको हुन्छन् ।

## ५ मुद्दती मौज्दात

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| वित्तीय संस्था र सहकारी संघसँगको ३ महिना भन्दा बढीको मुद्दती मौज्दात | - | - |
| अन्य | - | - |
| **जम्मा** | **-** | **-** |

आर्थिक वर्ष समाप्त भएको तीन महिना पछि परिपक्वता हुने अवस्थामा रहेका वित्तीय संस्था र सहकारी संघमा मुद्दती मौज्दातलाई यसमा देखाइएको छ ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

### ६ सदस्यलाई दिएको ऋण सापटी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| अपलेखित लागतमा मूल्याङ्कन गरिएको ऋण सापटी | २२६,९७०,४१९.१४ | २३०,१३१,८१५.७५ |
| **घटाउने :** हानी /नोक्सानी व्यवस्था | | |
| सामूहिक व्यवस्था | ७,८७२,१९४.०० | ६,८६३,९१२.२१ |
| एकल व्यवस्था | - | - |
| **जम्मा** | **२१९,०९८,२२५.१४** | **२२३,२६७,९०३.५४** |
| **जोड्ने :** असुल गर्न बाँकी ब्याज | १,२३७,६५५.८१ | ७२०,२१०.९८ |
| **जम्मा** | **२२०,३३५,८८०.९५** | **२२३,९८८,११४.५२** |

**NFRS** बमोजिमको ऋण नोक्सानी व्यवस्था गणना गर्न पर्याप्त तथ्याङ्क नभएकाले सहकारीले विभागद्वारा निर्देशन भए बमोजिम ऋण नोक्सानी व्यवस्था गर्ने नीति लिएको छ । प्रत्येक ऋण पर्याप्त धितो र धन जमानतमा मात्र लगानी भएकाले संस्थाको व्यवस्थापन **NFRS** बमोजिमको नोक्सानी व्यवस्था हाल संस्थामा कायम रहेको ऋण नोक्सानी व्यवस्था रकम भन्दा कम हुनेमा ढुक्क छ ।

### ६.१ ऋणको प्रकारका आधारमा सदस्यलाई दिएको ऋण सापटीको विश्लेषण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| व्यवसायिक ऋण | १६८,३७७,१८६.१४ | १५०,६९७,१८०.७५ |
| धितो ऋण | १,०००,०००.०० | ६,४८६,३५०.०० |
| घर जग्गा ऋण | १९,९१९,११५.०० | २२,५८१,४१५.०० |
| लघु ऋण | ४,९२१,०७९.०० | ४,७६१,५६०.०० |
| सदस्य सुविधा ऋण | ६,३६३,२०५.०० | ९,४४४,५५०.०० |
| मासिक किस्ता ऋण | १४,२६३,४९३.०० | २३,९०२,७४५.०० |
| शैक्षिक ऋण | ७२५,९४५.०० | १,३२९,६५५.०० |
| वैदेशिक रोजगार ऋण | - | - |
| कर्मचारी ऋण | १,३६४,५२१.०० | १,३७७,५६०.०० |
| छोटो अवधि ऋण | २,२६०,७५०.०० | २,२६०,८००.०० |
| आवधिक रसिद ऋण | ७,७७५,१२५.०० | ७,२९०,०००.०० |
| **जम्मा** | **२२६,९७०,४१९.१४** | **२३०,१३१,८१५.७५** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौं

६.२ सदस्यलाई दिएको ऋण सापटीमा हानी/नोक्सानी व्यवस्था

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **एकल व्यवस्था** | | |
| श्रावण १ को मौज्दात | ६,८६३,९१२.२१ | ५,८४७,०६०.६५ |
| यस वर्षको हानी नोक्सानी | १,००८,२८१.७९ | १,०१६,८५१.५६ |
| ऋण नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | - | - |
| अपलेखन | - | - |
| **असार अन्त्यको मौज्दात** | **७,८७२,१९४.००** | **६,८६३,९१२.२१** |
| **सामुहिक हानी नोक्सानी व्यवस्था** | | |
| श्रावण १ को मौज्दात | - | - |
| यस वर्षको हानी नोक्सानी | | |
| ऋण नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | - | - |
| अपलेखन | - | - |
| **असार अन्त्यको मौज्दात** | **-** | **-** |
| **हानी नोक्सानीको लागि जम्मा व्यवस्था** | **७,८७२,१९४.००** | **६,८६३,९१२.२१** |

७ **कर्मचारीलाई दिएको ऋण सापटी**

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्मचारीलाई दिएको ऋण सापटी | - | - |
| फेयर भ्याल्यु मूल्याङ्कन गर्दाको कर्मचारी लाभ समायोजन | - | - |
| **जम्मा** | **-** | **-** |
| **घटाउने :** हानी/नोक्सानी व्यवस्था | | |
| सामूहिक व्यवस्था | - | - |
| एकल व्यवस्था | - | - |
| **जम्मा** | - | - |

कर्मचारीहरुलाई सदस्यको रुपमा मात्र ऋण लगानी भएको छ। यसरी लगानी भएको ऋणको ब्याज दर जोखिम नभएको बजार दर भन्दा तल छैन।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## ८ धितोपत्रमा लगानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| अपलेखित लागतमा मूल्याङ्कन गरिएको धितोपत्रमा लगानी | - | - |
| अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मूल्याङ्कन गरिएका धितोपत्रमा लगानी | १,३६५,०००.०० | १,३६५,०००.०० |
| **जम्मा** | **१,३६५,०००.००** | **१,३६५,०००.००** |

सूचिकृत नभएको इक्वीटी शेयरहरु लागत मूल्यमा अभिलेखन गरीएको छ किनभने वित्तीय विवरणको अन्त्य मितिमा यी लगानीका बजार मूल्यलाई प्रतिनिधीत्व गर्ने सबै भन्दा उचित मूल्य नै लागत मूल्य हो । व्यवस्थापनले संस्थासँग भएका सूचिकृत नभएको शेयर लगानीहरुको हानी/ नोक्सानी मूल्याङ्कन गरेको छ र लगानी मूल्यमा स्थायी गिरावट भएको प्रमाण नहुँदा हानी/ नोक्सानी जरुरी हुँदैन भन्ने निष्कर्श निकालेको छ ।

## ८.१ अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मूल्याङ्कन गरिएका धितोपत्रमा लगानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड (शेयर) | १०,०००.०० | १०,०००.०० |
| नेफस्कून (शेयर) | ७००,०००.०० | ७००,०००.०० |
| बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि(शेयर) | ५००,०००.०० | ५००,०००.०० |
| जिल्ला सहकारी संघ, काठमाण्डौ | ५,०००.०० | ५,०००.०० |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ(शेयर) | १५०,०००.०० | १५०,०००.०० |
| **जम्मा** | **१,३६५,०००.००** | **१,३६५,०००.००** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## ९ आयकर सम्पत्ति

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **चालु आयकर सम्पत्ति** | **१,७९३,८६६.२७** | **२,०७२,२०५.७९** |
| गत वर्षहरुको कर सम्पत्ति | - | - |
| चालु वर्षको आय कर सम्पत्ति | १,७९३,८६६.२७ | २,०७२,२०५.७९ |
| **चालु आयकर दायित्व** | **१,३३१,४७५.२०** | **१,४४७,६०५.३२** |
| गत वर्षहरुको कर दायित्व | - | - |
| चालु वर्षको आयकर दायित्व | १,३३१,४७५.२० | १,४४७,६०५.३२ |
| **खुद कर सम्पत्ति/दायित्व** | ४६२,३९१.०७ | ६२४,६००.४७ |

चालु कर सम्पत्तिहरुमा आन्तरिक राजस्व कार्यलयलाई भुक्तानी गरिएको किस्ताबन्दी आय कर, स्रोतमा कर कट्टी गरिएको दाबि योग्य रकम तथा पछिल्ला वर्षहरुबाट सारिएका अग्रिम कर भुक्तानी र ती वर्षमा तिर्नु पर्ने आयकर (जुन त्यस वर्षमा प्रयोग हुने कर दर प्रयोग गरेर गणना गरिएको) को खुद रकम समावेश हुन्छन् । त्यस्तै आय कर दायित्वमा आयकर ऐन २०५८ को प्रावधान अनुसार व्यवस्था गरिएको रकम समावेश हुन्छन् ।

## ९.१ आयकर दायित्वको गणना

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| आयकर व्यवस्था अघिको मुनाफा | ७,७११,३१५.३५ | ७,८०३,९३०.६० |
| क. आयमा समावेश गर्नु नपर्ने रकमहरु | | |
| असुल गर्न बाँकी ब्याज रकम | (६९,८३९.७८) | (४४५,०१४.९७) |
| लाभांश आम्दानी | (६४,८०९.७७) | (३३,६८८.०८) |
| | | |
| ख. आयमा समावेश गर्नुपर्ने अन्य रकमहरु | | |
| | | |
| ग. आयको गणना गर्दा कट्टी नहुने खर्चहरु | | |
| लेखा अनुसारको ह्रास खर्च | २०५,८८६.३१ | १०४,५५५.४४ |
| लेखा अनुसारको पट्टा ब्याज खर्च | ४०७,४९१.७७ | - |
| लेखा अनुसारको ह्रास (ROU) खर्च | ५१३,१५०.५७ | - |
| ब्याज तथा जरिवाना खर्च | - | - |
| | | |
| घ. आयको गणना गर्दा कट्टी नभएको खर्चहरु भुक्तानीको आधारमा यस आ.व. मा खर्च दाबी गर्न सकिने रकम | | |
| यस आ.व. मा उपदान कोषबाट भएको खर्च | (१,२०२,०४५.२३) | |
| वास्तबिक घरबहाल खर्च | (६२६,६६८.००) | |
| कर अनुसारको ह्रास खर्च | (२१७,१०५.२३) | (१९१,७५६.३९) |
| **करयोग्य आम्दानी** | **६,६५७,३७६.००** | **७,२३८,०२६.६०** |
| **आयकर व्यवस्था (२०%)** | **१,३३१,४७५.२०** | **१,४४७,६०५.३२** |

## नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चावहिल, काठमाडौं

### इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण
२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | शेयर पूँजी | साधरण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **१ श्रावण, २०८० सालको मौज्दात** | १९,५११,६००.०० | १७,९९९,७२३.६३ | १०,२२८,४६१.७४ | ४७,७३९,७८५.३६ |
| समायोजन | - | - | - | - |
| **१ श्रावण, २०८० सालको समायोजित मौज्दात** | **१९,५११,६००.००** | **१७,९९९,७२३.६३** | **१०,२२८,४६१.७४** | **४७,७३९,७८५.३६** |
| यस वर्षको आय विवरणबाट | - | १,४८१,१३९.५१ | ४,४४३,४१८.५३ | ५,९२४,५५८.०४ |
| कोष समायोजन | - | - | (३,८२०,६७५.८०) | (३,८२०,६७५.८०) |
| NFRS समायोजन कोष | - | - | ४४५,०१४.९७ | ४४५,०१४.९७ |
| फेयर भ्यालुमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - |
| पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान) | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | - | - | - | - |
| शेयर पूँजीमा वृद्धि/(कमी) | ९३७,१००.०० | | | ९३७,१००.०० |
| **३१ असार, २०८१ सम्मको मौज्दात** | **२०,४४८,७००.००** | **१९,४८०,८६३.१३** | **११,२९६,२१९.४३** | **५१,२२५,७८२.५७** |

## नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चावहिल, काठमाडौ

| विवरण | शेयर पूँजी | साधरण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **१ श्रावण, २०८१ सालको मौज्दात** | **२०,४४८,७००.००** | **१९,४८०,८६३.१३** | **११,२९६,२१९.४३** | **५१,२२५,७८२.५७** |
| समायोजन | - | - | - | - |
| **१ श्रावण, २०८१ सालको समायोजित मौज्दात** | **२०,४४८,७००.००** | **१९,४८०,८६३.१३** | **११,२९६,२१९.४३** | **५१,२२५,७८२.५७** |
| यस वर्षको आय विवरणबाट | - | १,४६३,९६६.६२ | ४,३९१,८९९.८७ | ५,८५५,८६६.५० |
| कोष समायोजन | - | २९६,३८१.९३ | (४,२३१,२५५.१६) | (३,९३४,८७३.२३) |
| NFRS समायोजन कोष | - | - | ६९,८३९.७८ | ६९,८३९.७८ |
| फेयर भ्याल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - |
| पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान) | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | - | - | - | - |
| शेयर पूँजीमा वृद्धि/(कमी) | ७८०,०००.०० | - | - | ७८०,०००.०० |
| **३२ असार, २०८२ सम्मको मौज्दात** | **२१,२२८,७००.००** | **२१,२४१,२११.६९** | **११,५२६,७०३.९३** | **५३,९९६,६१५.६२** |

मिति : ०१/०५/२०८२
स्थान : चावहिल, काठमाडौ ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अर्जुन अर्याल
व्यवस्थापक

दामोदर सापकोटा
कोषाध्यक्ष

विजया लामिछाने
सचिव

विश्वनाथ अर्याल
अध्यक्ष

सिए. विनय फुयाल
पि. विनय एण्ड एसोसिएट्स

## नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौं

१० लगानी सम्पत्ति (गैर बैकिङ्ग सम्पत्ति)

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **फेयर भ्याल्युमा मूल्याङ्कन गरिएको लगानी सम्पत्ति** | | |
| श्रावण १ को मौज्दात | - | - |
| यस वर्षको थप/घट | - | - |
| यस वर्षको फेयर मूल्यमा परिवर्तन | - | - |
| समायोजन/स्थानान्तरण | - | - |
| **खुद रकम** | **-** | **-** |
| **परल (लागत) मूल्यमा मापन गरिएको लगानी सम्पत्ति** | | |
| श्रावण १ को मौज्दात | - | - |
| यस वर्षको थप/घट | - | - |
| संचित ह्रासकट्टी | - | - |
| समायोजन/स्थानान्तरण | - | - |
| संचित हानी/नोक्सानी | - | - |
| **खुद रकम** | - | - |
| **जम्मा** | **-** | **-** |

संस्थाले खराब ऋणको राफसाफ गर्दा आफ्नो अधिनमा रहेको धितोलाई गैह्र-बैकिङ्ग सम्पत्तिको रुपमा लिई लगानी सम्पत्तिमा वर्गीकृत गरेको छ । यस्ता सम्पत्तिहरू प्रारम्भिक रूपमा फेयर भ्याल्युमा मापन गरि वित्तीय लगानी सम्पत्ति वा अन्य सम्पत्तिहरूमा देखाइन्छ । यी सम्पत्तिलाई सम्पत्तिको स्वभाव र बैंकको असुली गर्ने उद्देश्यको आधारमा बैकको लेखा नीति अनुसार मापन गरिन्छ । जग्गा तथा भवनलाई लगानी सम्पत्तिमा वर्गीकृत गरिन्छ र ऋणको असुलीमा प्राप्त अन्य सम्पत्तिलाई अन्य सम्पत्तिहरूमा वर्गीकृत गरिन्छ ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौं

११ सम्पत्ति तथा उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा कार्यालय उपकरण | सवारी साधन | अन्य उपकरण | लिजहोल्ड सम्पत्ति | जम्मा मूल्य |
|---|---|---|---|---|---|---|---|
| **सम्पत्तिको विवरण** | | | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | **-** | **-** | **५६८,८६४.१९** | **-** | **-** | **-** | **५६८,८६४.१९** |
| यस वर्ष थप | - | - | २०३,००५.९९ | - | - | ४५६,७०७.३४ | ६५९,७१३.३३ |
| पुनःमूल्याङ्कन | - | - | - | - | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | - | - | - | - | - |
| **असार मसान्त २०८१ को मौज्दात** | **-** | **-** | **७७१,८७०.१८** | **-** | **-** | **४५६,७०७.३४** | **१,२२८,५७७.५२** |
| यस वर्ष थप | - | - | २२२,२४१.०० | - | - | - | २२२,२४१.०० |
| पुनःमूल्याङ्कन | - | - | - | - | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | - | - | - | - | - |
| **असार मसान्त २०८२ को मौज्दात** | **-** | **-** | **९९४,१११.१८** | **-** | **-** | **४५६,७०७.३४** | **१,४५०,८१८.५२** |
| **ह्रासकट्टी तथा हानी नोक्सानी** | | | | | | | - |
| **श्रावण १, २०८० को मौज्दात** | | | | | | | - |
| यस वर्षको ह्रासकट्टी | - | - | ९०,५१६.६५ | - | - | १२,५१२.५३ | १०३,०२९.१८ |
| यस वर्षको हानी नोक्सानी | - | | | | | | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | | | | | | - |
| **असार मसान्त २०८१ को मौज्दात** | **-** | **-** | **९०,५१६.६५** | **-** | **-** | **१२,५१२.५३** | **१०३,०२९.१८** |
| यस वर्षको ह्रासकट्टी | - | - | ११३,०१८.५८ | - | - | ९१,३४१.४७ | २०४,३६०.०५ |
| यस वर्षको हानी नोक्सानी | - | - | - | - | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | | | | | | - |
| **असार मसान्त २०८२ को मौज्दात** | **-** | **-** | **२०३,५३५.२३** | **-** | **-** | **१०३,८५४.००** | **३०७,३८९.२३** |
| **खुद किताबी मूल्य** | | | | | | | |
| **असार मसान्त २०८१ को मौज्दात** | **-** | **-** | **६८१,३५३.५३** | **-** | **-** | **४४४,१९४.८१** | **१,१२५,५४८.३४** |
| **असार मसान्त २०८२ को मौज्दात** | **-** | **-** | **७९०,५७५.९५** | **-** | **-** | **३५२,८५३.३४** | **१,१४३,४२९.३०** |

सम्पत्ति र उपकरण लागत मूल्यमा देखाइएको छ। पछि आउने खर्चहरू सम्पत्तिको मूल्यमा त्यसबेला मात्र समावेश गरिन्छ जब उक्त खर्चले सम्पत्तिबाट भविष्यमा प्रवाह हुने आर्थिक लाभ सार्थक रुपमा मापन गर्न सकिन्छ। अन्य मर्मत र सुधार खर्च भएका छन् भने वित्तीय अवधिको अन्य संचालन खर्चमा देखाइन्छ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चावहिल, काठमाडौ

१२ अदृश्य सम्पत्ति

| विवरण | सफ्टवेयर | अन्य | जम्मा मूल्य |
|---|---|---|---|
| **अदृश्य सम्पत्तिको विवरण** | | | |
| **श्रावण १, २०८० को मौज्दात** | **७,३९७.१५** | **-** | **७,३९७.१५** |
| यस वर्ष थप | - | - | - |
| पुन:मूल्याङ्कन | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | - |
| **असार मसान्त २०८१ को मौज्दात** | **७,३९७.१५** | | **७,३९७.१५** |
| यस वर्ष थप | - | - | - |
| पुन:मूल्याङ्कन | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | - |
| **असार मसान्त २०८२ को मौज्दात** | **७,३९७.१५** | | **७,३९७.१५** |
| **परिशोधन तथा हानी नोक्सानी** | | | - |
| **श्रावण १, २०८० को मौज्दात** | | | **-** |
| यस वर्षको परिशोधन | १,५२६.२६ | - | १,५२६.२६ |
| यस वर्षको हानी नोक्सानी | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | - |
| **असार मसान्त २०८१ को मौज्दात** | **१,५२६.२६** | | **१,५२६.२६** |
| यस वर्षको परिशोधन | १,५२६.२६ | - | १,५२६.२६ |
| यस वर्षको हानी नोक्सानी | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | - |
| **असार मसान्त २०८२ को मौज्दात** | **३,०५२.५२** | **-** | **३,०५२.५२** |
| **खुद किताबी मूल्य** | | | - |
| **असार मसान्त २०८१ को मौज्दात** | **५,८७०.८९** | **-** | **५,८७०.८९** |
| **असार मसान्त २०८२ को मौज्दात** | **४,३४४.६२** | **-** | **४,३४४.६२** |

अमुर्त सम्पत्तिहरूमा कम्प्युटर सफ्टवेयरको मूल्य समावेश छ । अमुर्त सम्पत्तिहरूलाई प्रारम्भिकमा परल मूल्यमा अभिलेख गरिएका छन् । प्रारम्भिक पहिचान पछि, अमुर्त सम्पत्तिलाई लागत रकममा सञ्चित परिषोधन र सञ्चित हानी समावेश गरी पहिचान गरिन्छ ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौं

१३ उपयोगको अधिकार सम्पत्ति

| विवरण | उपयोगको अधिकार सम्पत्ति |
|---|---|
| लागत | |
| श्रावण १, २०८० को मौज्दात | ४,४९०,०६७.५१ |
| यस वर्ष थप | - |
| पुनःमूल्याङ्कन | - |
| यस वर्षको विक्री/डिस्पोजल | - |
| असार मसान्त २०८१ को मौज्दात | ४,४९०,०६७.५१ |
| यस वर्ष थप | - |
| पुनःमूल्याङ्कन | - |
| यस वर्षको विक्री/डिस्पोजल | - |
| असार मसान्त २०८२ को मौज्दात | ४,४९०,०६७.५१ |
| परिशोधन तथा हानी नोक्सानी | |
| श्रावण १, २०८० को मौज्दात | |
| यस वर्षको परिशोधन | ५१३,१५०.५७ |
| यस वर्षको हानी नोक्सानी | - |
| यस वर्षको विक्री/डिस्पोजल | - |
| असार मसान्त २०८१ को मौज्दात | ५१३,१५०.५७ |
| यस वर्षको परिशोधन | ५१३,१५०.५७ |
| यस वर्षको हानी नोक्सानी | - |
| यस वर्षको विक्री/डिस्पोजल | - |
| असार मसान्त २०८२ को मौज्दात | १,०२६,३०१.१४ |
| खुद किताबी मूल्य | |
| असार मसान्त २०८१ को मौज्दात | ३,९७६,९१६.९३ |
| असार मसान्त २०८२ को मौज्दात | ३,४६३,७६६.३६ |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

१४ अन्य सम्पत्तिहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| खल्ती पे | ३४९,९३१.९१ | ७८४,८२०.१२ |
| प्रभु मेनेजमेन्ट प्राईभेट लिमिटेड (धरौटी) | ३००,०००.०० | ३००,०००.०० |
| अन्य पाउँनुपर्ने हिसाब | १९८,३१४.६६ | - |
| रेमिट्यान्सबाट पाउँनुपर्ने हिसाब | १८८,२९३.८४ | ५७२,९९६.४९ |
| एटिएम मौज्दात हिसाब | ९५,१००.०० | ९५,१००.०० |
| **जम्मा** | १,१३१,६४०.४१ | १,७५२,९१६.६१ |

अन्य सम्पत्तिहरुमा ती सम्पत्तिहरु समावेश छन्, जुन वित्तीय विवरणहरुमा छुट्टै वर्गीकरण नगरी देखाइएको छ । लिनुपर्ने रकम, अग्रीम भुक्तानी र धरौटी र अग्रीम भुक्तानी भएका कर्मचारी लाभ (Prepaid Employee Benefit) रकमहरु अन्य सम्पत्तिमा वर्गीकृत छन् । अग्रीम भुक्तान भएको कर्मचारी लाभ ती लाभहरु हुन् जो कर्मचारी ऋणमा कम ब्याजदरका परिणाम स्वरुप फेयर भ्याल्युमा मूल्याङ्कन गर्दा उत्पन्न हुन्छ । यी लाभहरुलाई कर्मचारीले उपयोग गरेको ऋणको अवधिमा अपलेखन गरिन्छ ।

## नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चावहिल, काठमाडौं

१५ स्थगन कर सम्पत्ति/दायित्व

| विवरण | कर आधार | किताबी मूल्य | अस्थायी फरक | करको दर | स्थगन कर सम्पत्ति/दायित्व |
|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८१/८२ | | | आ.व. २०८१/८२ |
| सदस्यलाई दिएको कर्जामा पाउँनुपर्ने ब्याज | - | ६९,८३९.७८ | - ६९,८३९.७८ | २०% | - १३,९६७.९६ |
| सम्पत्ति र उपकरण | ९८२,२६६.३७ | १,१४७,७७३.९२ | - १६५,५०७.५५ | २०% | - ३३,१०१.५१ |
| उपदान | १,४६४,३००.०० | - | - १,४६४,३००.०० | २०% | - २९२,८६०.०० |
| पट्टा सम्पत्ति | - | ३,४६३,७६६.३६ | - ३,४६३,७६६.३६ | २०% | - ६९२,७५३.२७ |
| पट्टा दायित्व | - | - ४,१८०,६७५.९७ | ४,१८०,६७५.९७ | २०% | ८३६,१३५.१९ |
| **२०८२ असार ३१ को खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | | | | | **- १९६,५४७.५४** |
| २०८१ साउन १ कोस्थगन कर दायित्व | - | | | | २५७,५८६.३३ |
| चालुवर्षमा घटेको/(बढेको) | | | | | **- ४५४,१३३.८८** |
| नाफा अथवा नोक्सानमा लेखांकन भएको स्थगन कर | | | | | **४५४,१३३.८८** |
| अन्य विस्तृत आम्दानीमा लेखांकन भएको स्थगन कर | | | | | - |
| इक्वीटीमा प्रत्यक्ष लेखांकन भएको स्थगन कर | | | | | - |

## नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

| विवरण | कर आधार | किताबी मूल्य | अस्थायी फरक | करको दर | स्थगन कर सम्पत्ति/दायित्व |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८०/८१ | | | आ.व. २०८०/८१ |
| सदस्यलाई दिएको कर्जामा पाउँनुपर्ने ब्याज | - | ४४५,०१४.९७ | - ४४५,०१४.९७ | २०% | - ८९,००२.९९ |
| सम्पत्ति र उपकरण | ९७७,१३०.५९ | १,१३१,४१९.२२ | - १५४,२८८.६३ | २०% | - ३०,८५७.७३ |
| उपदान | - | - १,४६४,३००.०० | १,४६४,३००.०० | २०% | २९२,८६०.०० |
| पट्टा सम्पत्ति | - | ३,९७६,९१६.९३ | - ३,९७६,९१६.९३ | २०% | - ७९५,३८३.३९ |
| पट्टा दायित्व | | - ४,३९९,८५२.२० | ४,३९९,८५२.२० | २०% | ८७९,९७०.४४ |
| **२०८१ असार ३१ को खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | | | | | **२५७,५८६.३३** |
| २०८० साउन १ को स्थगन कर सम्पत्ति/(दायित्व) | | | | | २४४,३३८.६१ |
| चालुवर्षमा घटेको/(बढेको) | | | | | **१३,२४७.७३** |
| नाफा अथवा नोक्सानमा लेखांकन भएको स्थगन कर | | | | | **- १३,२४७.७३** |
| अन्य विस्तृत आम्दानीमा लेखांकन भएको स्थगन कर | | | | | - |
| इक्वीटीमा प्रत्यक्ष लेखांकन भएको स्थगन कर | | | | | - |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## १६ तिर्न बाँकी बाह्य ऋण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| नेपाल सरकार | - | - |
| बैंक तथा वित्तीय संस्था | - | - |
| सहकारी संघ | ५,५२०,८२४.९० | १७,९७४,७९५.९८ |
| अन्य | - | - |
| **जम्मा** | **५,५२०,८२४.९०** | **१७,९७४,७९५.९८** |

तिर्न बाँकी सापट भनेका सहकारीद्वारा स्वीकृत दायित्वहरु हुन् जसको निर्धारित अथवा निर्धारण योग्य भुक्तानीहरु हुन्छन् । प्रारम्भिक मान्यताको लागि, यी वित्तीय उपकरणहरु, प्रभावी ब्याजदर (EIR) प्रयोग गरी अपलेखित लागतमा पहिचान गरिन्छ । यी सापटीहरु सरकारी वा वित्तीय संस्थाहरुबाट हुन सक्छ ।

## १७ सदस्यबाट संकलन गरेको निक्षेप

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| आवधिक बचत | ७०,३४५,१००.०० | ५९,०८८,१००.०० |
| साधारण बचत | ७,४७६,१०५.०४ | ७,५४८,४७५.४५ |
| बाल बचत | २,७१५,९९३.३८ | १,९३३,०४७.०० |
| खुत्रुके बचत | ३,१३९,७०४.९६ | २,८१८,१६४.१२ |
| जेष्ठ नागरिक बचत | ३९८,७६७.१२ | १६४,९९०.१० |
| नियमित मासिक बचत | ७४,१८९,०७१.०१ | ६४,९२२,६९२.६२ |
| नवसृजनशील विशेष बचत | ५४३,३८५.६५ | १६१,२३४.७८ |
| उपदान तथा बिदा बचत | १,८३०,६९२.९९ | - |
| शैक्षिक बचत | ६४८,९८२.७७ | ७५,८८१.९२ |
| दैनिक बचत | ३२,२६७,३२५.५८ | २६,६५५,६१८.५० |
| भविष्य बचत | १,०१७,०९६.९१ | ९५६,००८.६४ |
| लखपति बचत ३ वर्षे | ७७५,४३६.६४ | २,३८६,२५९.७३ |
| राइफाइसन बचत | ८,५७६,९२७.९१ | ७,३२६,२०२.२९ |
| लाभांश बचत | ६,१८५,४१०.७९ | ४,३६२,१३८.०२ |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौं

| | | |
|---|---|---|
| सुपर बचत | - | ३८,४२२.६१ |
| ऋण ब्याज भुक्तानी बचत खाता | ९,१००.०० | १६,८३५.०० |
| नवसृजनशील दिगो बचत | ४,५८०,८४०.६४ | ३,२६३,७६३.१२ |
| नारी बचत | ५,९७९,१९४.४७ | ५,५८०,१२३.०४ |
| **जम्मा** | **२२०,६७९,१३५.८६** | **१८७,२९७,९५६.९४** |
| जोड्ने : भुक्तानी दिन बाँकी ब्याज खर्च | - | - |
| **जम्मा** | **२२०,६७९,१३५.८६** | **१८७,२९७,९५६.९४** |

१८ पट्टा दायित्व

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| चालु दायित्व | ७२०,६६६.६० | ६५०,१६६.६५ |
| दिर्घकालिन दायित्व | ३,४६०,००९.३७ | ३,७४९,६८५.५५ |
| **जम्मा** | **४,१८०,६७५.९७** | **४,३९९,८५२.२०** |

पट्टा परिपक्वताको विश्लेषण : छुट नगरिएको सम्झौतामा आधारित नगद प्रवाह

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| १ वर्ष ननाघेको | ७२०,६६६.६० | ६५०,१६६.६५ |
| १ वर्ष नाघेको तर ५ वर्ष भन्दा कम | ३,१५१,११४.७१ | २,९९८,१२३.१४ |
| ५ वर्ष भन्दा माथि | २,०४९,१२५.५२ | २,९२२,७८३.६९ |
| **जम्मा** | **५,९२०,९०६.८३** | **६,५७१,०७३.४८** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## १९ अन्य दायित्वहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्मचारी बोनस दायित्व | ७७१,१३१.५४ | १,०७६,७७५.०३ |
| कर्मचारी उपदान कोष | - | १,२०२,०४५.२३ |
| भुक्तानी दिन बाँकी बाह्य लेखापरीक्षण शुल्क | १५०,०००.०० | ७०,०००.०० |
| साहु र दिन बाँकी | २३०,७३३.३० | १,६८५.३४ |
| वैधानिक दायित्व | २८०,०६२.४४ | ३१९,६०८.६३ |
| भुक्तानी दिन बाँकी एन.एफ.आर.एस परामर्स शुल्क | - | १००,०००.०० |
| ब्याज मुल्तबी हिसाब | १,१६७,८१६.०५ | २७५,१९६.०३ |
| **जम्मा** | **२,५९९,७४३.३३** | **३,०४५,३१०.२६** |

## १९.१ साहु र दिन बाँकी विवरण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| भुक्तानी दिनुपर्ने खर्चहरु | २३०,७३३.३० | १,६८५.३४ |
| Retention रकम | - | - |
| **जम्मा** | **२३०,७३३.३०** | **१,६८५.३४** |

## १९.२ वैधानिक दायित्वको विवरण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| स्रोतमा कर कट्टी (ब्याज कर) | २१४,९२६.७८ | २५०,३८८.५७ |
| स्रोतमा कर कट्टी (लेखापरीक्षण शुल्क कर) | - | - |
| स्रोतमा कर कट्टी (पारिश्रमिक कर) | २,४६६.०६ | ६०६.०६ |
| स्रोतमा कर कट्टी (बहाल कर) | ६२,६६९.६० | ६२,६६८.०० |
| स्रोतमा कर कट्टी (बैठक भत्ता कर) | | ४,२३६.०० |
| स्रोतमा कर कट्टी (अन्य कर) | | १,७१०.०० |
| **जम्मा** | **२८०,०६२.४४** | **३१९,६०८.६३** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## २० शेयर पूँजी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| शेयर पूँजी | २१,२२८,७००.०० | २०,४४८,७००.०० |
| **जम्मा** | **२१,२२८,७००.००** | **२०,४४८,७००.००** |

साधारण शेयर पूँजीले, जारी साधारण शेयरको पार (par) मूल्यको प्रतिनिधित्व गर्दछ ।

## २१ साधारण जगेडा कोष

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| श्रावण १ को मौज्दात | १९,४८०,८६३.१४ | १७,९९९,७२३.६३ |
| जोड्नेः अन्य कोषहरुबाट रकमान्तर भएको | २९६,३८१.९३ | - |
| जोड्नेः यस वषको खुद नाफाको २५% रकम | १,४६३,९६६.६२ | १,४८१,१३९.५१ |
| **जम्मा** | **२१,२४१,२११.६९** | **१९,४८०,८६३.१४** |

सहकारी ऐन २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार, प्रत्येक वर्षको खुद मुनाफाको कम्तीमा २५% बराबरको रकम साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ ।

## २२ अन्य कोषहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | १,०९७,९७४.९७ | १,११०,८५४.६३ |
| सहकारी प्रर्वद्धन कोष | १५०,१९६.९९ | १२८,२३७.४९ |
| शेयर लाभांश कोष | २,३८०,१९६.६१ | २,४०७,०५९.२४ |
| स्थिरीकरण कोष | ९४३,५९८.२७ | ८१५,५१८.१४ |
| सहकारी शिक्षा कोष | ८७१,९५१.७१ | ९३९,९२७.४४ |
| सहकारी विकास कोष | १,७३५,०८१.५३ | १,५७१,४८३.२६ |
| सामुदायिक विकास कोष | १,१७४,८८३.८१ | १,१०२,३४०.५४ |
| घाटापूर्ति कोष | १,९३५,२१६.११ | १,७७१,६१७.८४ |
| अन्य जोखिम व्यवस्थापन कोष | ९४३,०७३.३५ | ७७९,४७५.०८ |
| संचित नाफा | २२४,६९०.७९ | २२४,६९०.७९ |
| सम्पत्ति पूर्नः मूल्याङ्कन कोष | - | - |
| नियामक कोष (NFRS कोष) | ६९,८३९.७८ | ४४५,०१४.९७ |
| **जम्मा** | **११,५२६,७०३.९२** | **११,२९६,२१९.४३** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चावहिल, काठमाडौ

२३ सम्भावित दायित्व तथा प्रतिवद्धता

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| संम्भावित दायित्व | - | - |
| वितरण नगरिएको सुविधाहरु | - | - |
| पूँजी प्रतिवद्दता | - | - |
| पट्टा प्रतिवद्दता | - | - |
| मुद्दा मामिला | - | - |
| **जम्मा** | **-** | **-** |

सम्भावित दायित्वहरु सम्भाव्य दायित्व हुन् जुन विगतका घटनाले सिर्जना हुन्छ र जसको पहिचान, बैंकका नियन्त्रणमा नभएका भविष्यका अनिश्ति घटनाहरु, घट्दा या नघट्दा हुन्छ । यी पहिचान नगरिएका विगतको घटनाका कारणका वर्तमान दायित्व पनि हुन सक्दछ, जसको दायित्वको पहिचान हुने विश्वसनीय आधार छैन आर्थिक लाभ हुन श्रोत बाहिरिने सम्भावना न्युन छ । सम्भावित दायित्वहरुलाई NAS 37 "Provisions, Contingent Liabilities and Contingent Assets" बमोजिम मूल्याङ्कन गरिएको छ ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## २४ ब्याज आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सदस्यलाई दिएको ऋण सापटीको ब्याज आम्दानी | ३६,५४६,९०१.७२ | ३२,९७८,७७१.२८ |
| नगद तथा नगद समानबाट ब्याज आम्दानी | ७१७,४५५.१५ | १,३३३,७७८.९१ |
| मुद्दती मौज्दातको ब्याज आम्दानी | - | - |
| जोड्ने : असुल गर्न बाँकी ब्याज रकम | ६९,८३९.७८ | ४४५,०१४.९७ |
| **जम्मा** | **३७,३३४,१९६.६५** | **३४,७५७,५६५.१६** |

नगद प्रवाहको अनिश्चितताका कारण सहकारीले खराब कर्जाको प्रोत्भावी ब्याज आम्दानी पहिचान गरेको छैन ।

## २५ ब्याज खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सदस्यबाट संकलन गरेको निक्षेपमा ब्याज खर्च | २०,९६१,६१८.४४ | १८,७२०,७६५.२६ |
| बैंक तथा वित्तीय संस्थालाई बाह्य ऋणमा तिरेको | - | - |
| सहकारी संघ संस्थालाई बाह्य ऋणमा तिरेको | १,०९६,३४५.१८ | २,२६१,४३१.५९ |
| अन्य | - | - |
| **जम्मा** | **२२,०५७,९६३.६२** | **२०,९८२,१९६.८५** |

## २६ शुल्क तथा कमिशन आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क आम्दानी | १,८७०,०२५.०० | २,४०९,१३०.०० |
| अन्य शुल्क र कमिशन | १७८,८६८.५१ | २५१,४५८.०८ |
| **जम्मा** | **२,०४८,८९३.५१** | **२,६६०,५८८.०८** |

## २७ शुल्क तथा कमिशन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क खर्च | - | - |
| अन्य शुल्क र कमिशन | ३,५४६.७० | ३,५६७.४० |
| **जम्मा** | **३,५४६.७०** | **३,५६७.४०** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

२८ अन्य आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| शेयर लाभाँश आम्दानी | ६४,८०९.७७ | ३३,६८८.०८ |
| अन्य विविध आम्दानी | ३८६,१७९.४५ | ५३४,०२८.६३ |
| **जम्मा** | **४५०,९८९.२२** | **५६७,७१६.७१** |

२९ ऋण तथा अन्य सम्पत्तिको नोक्सानको लागि नोक्सानी व्यवस्था/फिर्ता

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सदस्यलाई दिएको ऋण सापटीमा | १,००८,२८१.७९ | १,०१६,८५१.५६ |
| सम्पत्ति तथा उपकरणमा क्षयिकरण | - | - |
| अदृश्य सम्पत्ति क्षयिकरण | - | - |
| अन्य | - | - |
| **जम्मा** | **१,००८,२८१.७९** | **१,०१६,८५१.५६** |

३० कर्मचारी खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्मचारी तलब तथा ग्रेड खर्च | ३,७३४,६४९.४३ | ३,४८४,४३९.३२ |
| कर्मचारी उपदान खर्च | ६३,८४२.७७ | - |
| चाडपर्व खर्च | २०२,१४६.७७ | २०५,३१७.३१ |
| कर्मचारी पोशाक खर्च | ८१,०००.०० | - |
| कर्मचारी सञ्चयकोष खर्च | ५२५,५८१.६० | ४९१,५८४.३८ |
| कर्मचारी संचित बिदा खर्च | ५२२,३१९.२० | - |
| कर्मचारी तालिम तथा वृद्धि विकास खर्च | - | ३५,१००.०० |
| कर्मचारी बोनस खर्च | ७७१,१३१.५४ | ७८०,३९३.०६ |
| **जम्मा** | **५,९००,६७१.३१** | **४,९९६,८३४.०७** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

३१ प्रशासनिक खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| बैठक भत्ता | ३२७,०७५.०० | ३१४,१५०.०० |
| साधारण सभा खर्च | ९३४,८८४.९९ | ६०६,१०४.०० |
| एन.एफ.आर.एस परामर्स खर्च | - | १००,०००.०० |
| नविकरण खर्च | २३,९५७.०० | २५,३५९.०० |
| सफ्टवयेर नविकरण खर्च | १६७,०५३.०० | १५३,४११.६३ |
| मसलन्द खरिद | ८७,२८५.०० | ७९,०१५.०० |
| बाह्य लेखापरीक्षण शुल्क | १५०,०००.०० | ७०,०००.०० |
| भ्रमण तथा यातायात | ६,०३३.०० | ७,०००.०० |
| तालिम तथा शिक्षा | - | ३९,०००.०० |
| सञ्चार खर्च | ९२,७९५.०० | ७५,०३५.०० |
| पानी/विद्युत खर्च | ५३,९६८.०० | ५६,२०६.०० |
| क्यालेन्डर छपाई खर्च | ११४,४८५.०० | ११८,०१०.०० |
| मर्मत खर्च | २५,२३२.०० | ८२,४८८.८९ |
| बीमा खर्च | ४३,०३६.५० | ४०,५५८.७५ |
| कानुनी परामर्श खर्च | ६,२१०.०० | ७४,७८९.०० |
| सदस्य हित खर्च | ११,६००.०० | ५४,७१५.०० |
| पर्व तथा पूजा खर्च | १५,३७०.०० | २२,४४५.०० |
| अतिथी सत्कार खर्च | १०८,६६२.३९ | १२९,७४३.०० |
| विविध खर्च | ८,१३८.१८ | १५,१०७.३३ |
| पत्र-पत्रिका खर्च | ३,०००.०० | ३,०००.०० |
| कार्यालय खर्च | ३५,६९३.०० | १२,३७५.०० |
| प्रोबेसन कार्यक्रम खर्च | १११,३७०.०० | - |
| कार्यालय सरसफाई खर्च | ४२,९४९.०० | ३६,५५५.०० |
| लिज ब्याज खर्च एनएफआरएस | ४०७,४९१.७७ | ४४९,७१५.८६ |
| **जम्मा** | **२,७७६,२८८.८३** | **२,५६४,७८३.४६** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौ

## ३२ ह्रासकट्टि र परिशाोधन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सम्पत्ति र उपकरणमा ह्रासकट्टी | २०४,३६०.०५ | १०३,०२९.१८ |
| अदृश्य सम्पत्तिमा परिशोधन | १,५२६.२६ | १,५२६.२६ |
| उपयोग अधिकार सम्पत्तिको ह्रासकट्टी | ५१३,१५०.५७ | ५१३,१५०.५७ |
| **जम्मा** | **७१९,०३६.८८** | **६१७,७०६.०१** |

## ३३ गैर सञ्चालन आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| अपलेखन गरिएको ऋण असुली | - | - |
| अन्य आम्दानी | ३४३,०२५.१० | - |
| **जम्मा** | **३४३,०२५.१०** | **-** |

सञ्चालन आयसँग प्रत्यक्ष सम्बन्ध नभएका आयहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

## ३४ गैर सञ्चालन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण अपलेखन | - | - |
| अन्य खर्च | - | - |
| **जम्मा** | **-** | **-** |

सञ्चालन खर्चसँग प्रत्यक्ष सम्बन्ध नभएका खर्चहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

## ३५ आयकर खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **हालको कर खर्च** | **१,३३१,४७५.२०** | **१,४४७,६०५.३२** |
| यस वर्ष | १,३३१,४७५.२० | १,४४७,६०५.३२ |
| गत वर्षको लागि समायोजन | - | - |
| **स्थगन कर खर्च** | **४५४,१३३.८८** | **(१३,२४७.७३)** |
| अल्पकालिन भिन्नताहरुको शुरुवात र रिभर्सल | ४५४,१३३.८८ | (१३,२४७.७३) |
| पहिले लेखाङ्कन नगरिएको कर नोक्सानी | - | - |
| **जम्मा आयकर खर्च** | **१,७८५,६०९.०८** | **१,४३४,३५७.५९** |

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चावहिल, काठमाडौं

## अन्य थप खुलासा

३६ **सम्बन्धित व्यक्तिसँगको कारोवार :**

प्रत्येक सम्भावित सम्बन्धित पक्षको सम्बन्ध ध्यानमा राख्दा, कानुनी आधार भन्दा सम्बन्धको महत्व र प्रभावलाई प्राथमिकता दिइन्छ । यस लेखापरीक्षणको अवधिमा देहायका व्यक्तिहरु यस संस्थासँग सम्बन्धित रहेका छन् । संस्थाका सञ्चालक तथा प्रबन्धकलाई सम्बद्ध व्यक्तिको रूपमा लिइएको छ । आर्थिक वर्ष २०८१/२०८२ मा सम्बद्ध व्यक्तिहरूको विवरण निम्न बमोजिम रहेको छ ।

| क.सं | नाम | पद |
|---|---|---|
| १ | विश्वनाथ अर्याल | सञ्चालक समिति अध्यक्ष |
| २ | रामप्रसाद लुइँटेल | सञ्चालक समिति उपाध्यक्ष |
| ३ | विजया लामिछाने | सञ्चालक समिति सचिव |
| ४ | दामोदर सापकोटा | सञ्चालक समिति कोषाध्यक्ष |
| ५ | इन्द्रमणी नेपाल | सञ्चालक समिति सदस्य |
| ६ | प्रदिप रिसाल | सञ्चालक समिति सदस्य |
| ७ | एककृष्ण पराजुली | सञ्चालक समिति सदस्य |
| ८ | मुक्तीनाथ पराजुली | सञ्चालक समिति सदस्य |
| ९ | प्रदिप रिसाल | सञ्चालक समिति सदस्य |
| १० | अर्जुन अर्याल | व्यवस्थापक |

सञ्चालक र लेखा समिति सदस्यलाई गरिएको भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ ।

| खर्च शीर्षक | रकम (रु.) |
|---|---|
| बैठक भत्ता | ८७,२८५.०० |

मुख्य व्यवस्थापकीय जिम्मेवारी पाएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत, मुख्य प्रबन्धक तथा प्रबन्धकले यस आ.व. मा प्राप्त गरेको तलब भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छ ।

| पद | नाम | तलब तथा भत्ता रकम (रु.) |
|---|---|---|
| व्यवस्थापक | अर्जुन अर्याल | ९८९,८८०.०० |

३७ **भुक्तानी हुन बाँकी लाभांश**

यस आर्थिक वर्षको अन्त्य सम्ममा गत वर्षहरुको भुक्तानी हुन बाँकी लाभांश रकम रहेको छैन ।

३८ **औसत ब्याज दर**

संस्थाको लिने दिने ब्याज दर बीचको औसत फरक (**Spread**) ६.४६% रहेको छ ।

३९ **वित्तीय विवरणको अन्त्य मिति पछिको घटनाहरु**

वित्तीय विवरणको अन्त्य मिति पछिको घटनाहरु त्यस्ता घटनाहरु हुन जुन उचित तथा अनुचित हुन सक्छन् जुन वित्तीय विवरणको अन्त्य मिति र वित्तीय विवरण जारी गर्नलाई आधिकारिक गरेको मिति बिच घटेको हुन्छ । वित्तीय विवरणको अन्त्य मिति पछि यस्तो कुनै पनि घटना घटेको छैन जसको समायोजन वा खुलासा वित्तीय विवरणमा आवश्यक छ ।

४० **जोखिम व्यवस्थापन सम्बन्धमा**

संस्थामा विद्यमान जोखिमहरु पहिचान गरी त्यस सम्बन्धमा आवश्यक रणनितीहरु तयार गरी कार्यन्वयन गर्ने जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ ।

४१.१ **जोखिम सुशासन (Risk Governance)**

संस्थाले उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरेको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने स्पष्ट जिम्मेवारी र उपयुक्त संस्कृतिको विकास गर्ने लगायतका विषयहरुमा संस्थाले कर्मचारीहरुलाई प्रशिक्षित गरेको छ । संस्थामा ऋण, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न, जोखिम सम्बन्धी नीतिको स्थापना, पूँजी व्यवस्थापन र तरलता, पूँजी पर्याप्तता र संरचना, ब्याजदर जोखिम र कर जोखिमको व्यवस्थापन सहित जोखिम व्यवस्थापनको नीतिहरुको स्थापना र अनुपालनको लागी सञ्चालक समिति जिम्मेवार छ ।

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धमा सञ्चालक समिति, लेखा समिति, व्यवस्थापन र बाह्य लेखापरीक्षकद्वारा नियमित समीक्षा गरिन्छ । लेखा समितिले नीति र मापदण्डको अनुपालन र नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचना प्रणालीको लेखापरीक्षण साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण मार्फत संस्थामा आन्तरिक नियन्त्रण प्रणाली र संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ । लेखापरीक्षण दौरानमा देखिएका कैफियतहरु तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि सुझाव सहित प्रमुख कार्यकारी अधिकृतलाई रिपोर्ट गरिन्छ ।

**आन्तरिक नियन्त्रण प्रणाली**

संस्थामा रणनीति र उद्देश्यहरू अनुरुपको उपलब्धि हासिल गर्ने गरी उचित आन्तरिक नियन्त्रण प्रणाली सुनिश्चित गर्ने जिम्मेवारी सञ्चालक समितिको हुन्छ । सस्थाको व्यवसायको विस्तार र वृद्धिको क्रममा लाभदायक व्यवसायका अवसरहरू उपयोग गर्न, क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन उचित नियन्त्रण संयन्त्र भएको सुनिश्चत गर्ने अभिभारा सञ्चालक समितिको हुन्छ । सञ्चालक समितिले संस्थामा जोखिम लेखाङ्कन, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरू व्यवस्था गरेको छ ।

४१.३ **ऋण जोखिम**

ऋण जोखिम भनेको ऋण प्रवाहका शर्तहरू बमोजिम संस्थालाई भुक्तानी गर्ने दायित्व पूरा गर्न ऋणी असक्षम हुने जोखिम हो । संस्थाले उपयुक्त उपायहरु अवलम्बन गरी ऋण जोखिम न्यूनीकरणको लागि कार्यान्वयन गरेको छ । ऋण जोखिमको प्रभावकारी व्यवस्थापनका लागि संस्थाले विभिन्न नीतिहरू, प्रक्रियाहरू, दिशानिर्देशहरू तयार गरी कार्यान्वयन गरेको छ । संस्थाले ऋण जोखिम आंकलन गर्न हरेक ऋणिको अनौपचारिक रुपमा आन्तरिक Rating गर्दछ जसले संस्थालाई सम्रग पोर्टफोलियोको जोखिम व्यवस्थापन गर्न मद्दत गर्दछ । संस्थाले व्यापारिक ऋण लिनेहरू ऋणीहरुको व्यवसाय अवलोकनको माध्यमबाट अनुगमन गर्दछ र व्यक्तिगत ऋणहरूको हकमा उहाँहरुको दायित्व वहन क्षमता नियमित रूपमा अपडेट गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ ।

ऋण स्वीकृत गर्नुपुर्व धितो, जमानी आदिको पर्याप्तता यकिन गर्ने सम्बन्धमा ग्राहकसँग समन्यय गर्न संस्थामा छुट्टै कर्जा विभाग रहेको छ । साथै, संस्थामा सञ्चालक समितिका सदस्य संलग्न भएको ऋण उपसमिति रहेको छ जसले धितो मुल्याङ्कन, ऋणको जोखिमको अध्ययन गरी रु ५०,००,००० भन्दा माथिको ऋण संचालक समितिमा स्वीकृतीका लागि सिफारिस गर्दछ ।

विद्यमान आर्थिक मन्दि र समग्र आर्थिक स्थितीको कारण सहकारी संस्थाहरुको संकटोन्मुख भइरहेको अवस्थामा संस्थामा समेत सो आवस्था आउन सक्ने जोखिमलाई मध्यनजर गदै सो सम्बन्धमा ऋण र समस्याग्रस्त ऋण व्यवस्थापनका लागि उपचारात्मक कदम चाल्न संस्थासग उपयुक्त कानुनी कदम चाल्ने लगायतका प्रभावकारी प्रक्रिया र कार्यविधिहरु छन् । यो बाहेक संस्थासँग ऋण जोखिम मूल्याङ्कन नीति, प्रक्रियाहरू र नियन्त्रण प्रणाली कार्यान्वयनमा छन् ।

४१.४ **बजार जोखिम**

संस्थाको वासलातमा रहेको सम्पत्ति वा दायित्वको मूल्यमा बजार मूल्यमा हुने घटबढले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँदछ : (क) मुद्रा जोखिम (ख) बजार ब्याजदर (ब्याजदर जोखिम) र (ग) बजार मूल्य (मूल्य जोखिम) ।

**क** विदेशी मुद्राको सटही जोखिमको कारण संस्थाको सम्पत्तिमा आउन सक्ने ह्रासको जोखिमलाई मुद्रा जोखिम भनिन्छ। संस्थाले विदेशी मुद्रामा कारोवार गर्न नमिल्ने कारण मुद्रा जोखिम अत्यन्त न्यून रहेको छ।

**ख** ब्याजदर जोखिम ब्याजदर जोखिम त्यो जोखिम हो, जसका कारण वित्तीय उपकरणको भविष्यमा हुने नगद प्रवाह बजार ब्याजदरका कारण तलमाथि हुन्छ।

**ग** मूल्य जोखिम भन्नाले सम्पत्तिको मूल्यमा आउने ह्रासका कारण संस्थालाई हुने हानीसँग सम्बन्धित छ।

४१.५ **तरलता जोखिम**

नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ। सामान्य र असामान्य दुवै परिस्थितिमा नगद प्रवाहको समय नमिल्दा संस्थाले भुक्तानी योग्य दायित्वहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारण तरलता जोखिम उत्पन्न हुन सक्छ।

यो जोखिमलाई कम गर्न व्यवस्थापनले मूल निक्षेप बाहेक विभिन्न स्रोतहरुको व्यवस्था गरेको छ र तरलतालाई विचार गरी सम्पत्ति व्यवस्थापन गर्ने र भविष्यमा नगद प्रवाह र तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने नीति अपनाएको छ।

# वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु
# २०८२ साल असार मसान्तको

## १ सामान्य जानकारी

नवसृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड वि.सं. २०६५ सालमा साबिक सहकारी ऐन, २०४८ अनुसार स्थापना भएको सहकारी संस्था हो । यसको मुख्य कार्यलय चावहिल, काठमाण्डौंमा अवस्थित छ । सदस्यहरुलाई मितव्ययिताको भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरुको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशिल र आयमुलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पूँजीको उपयोग बढाई सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्धेश्यले संस्थाको स्थापना भएको हो । यस संस्थाको स्थायी लेखा नम्बर **३०३०१७०६०** रहेको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

## २ वित्तीय विवरण तयारीका आधारहरु

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड **(Accounting Standards Board, Nepal- ASBN)** बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था **(Institute of Chartered Accountants of Nepal- ICAN)** द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा **(Nepal Financial Reporting Standard-NFRS)** भएका व्यवस्था अनुसार तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् ।

वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

### २.१.१ Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अर्न्तराष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तराष्ट्रिय वित्तीय प्रतिवेदन मान **(IFRS)** मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा **NFRS** बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् ।

**२.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था**

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरु को लागि मात्र व्यवस्था गरिएता पनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

**क) NFRS 9 - वित्तीय उपकरणः पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

**NFRS 9** को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋणनोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी निर्देशन बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा **NFRS 9** बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

**ख) NFRS 9- वित्तीय उपकरण- पहिचान तथा मापन (प्रभावकारी ब्याज दर-Effective Interest Rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने प्रभावकारी ब्याजदर **(Effective Interest Rate)** मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।

वैकल्पिक व्यवस्था बमोजिम ऋणलगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी **(Accrual Basis)** लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**२.१.३ प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०८१ देखि मिति ३२ असार २०८२ को अवधिलाई समेटि मिति ३२ असार २०८२ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो

को ३१ असार २०८१ को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

**२.२ वित्तीय विवरणको उत्तरदायित्व**

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८२ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८१/८२ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity),

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

**२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

**२.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमान**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- ✓ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- ✓ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- ✓ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- ✓ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- ✓ स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- ✓ आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- ✓ परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- ✓ सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- ✓ लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Asset and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याँकन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- ✓ Amortized Cost (परीशोधित मुल्य) मा वर्गिकरण गरिएका,
- ✓ Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएका,
- ✓ Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गिकरण गरिएका

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याँकन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याँकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गिकरण गर्ने गरेको छ ।

### २.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिन वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

NFRS 9 को Para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ :

- ✓ नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- ✓ एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- ✓ नोक्सानी व्यवस्थाको मूल्याङ्कनगर्ने प्रश्नहरु
- ✓ भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- ✓ आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

### २.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था

सहकारीले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ ।

### २.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

### २.४.६ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ।

**चालु कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो। आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन्। सोही अनुरुप चालु आय करको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ। स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विस्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन।

### २.४.७ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्योल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरु पर्दछन्।

✓ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
✓ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको।

### २.४.९ लगानी सम्पत्तीको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ। सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ। कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ। त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको

रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

## २.५ लेखा नीतिमा परिवर्तन

संलग्न वित्तीय प्रतिवेदनहरु पहिलो पटक NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन् । पहिलो पटक NFRS बमोजिम वित्तीय प्रतिवेदनहरु तयार गर्दा NFRS 1 मा भएको व्यवस्था बमोजिम बिगतमा NFRS लागु हुनु अघिको GAAP बमोजिम तयार गरिएका वित्तीय विवरणहरुलाई NFRS अनुसार पूनरलेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारे बुँदा नं ५.८ मा प्रस्तुत गरिएको छ ।

## २.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरण्को लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषण पछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्य जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेको छ ।

## २.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेषण गरेको छ ।

## २.८ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूर्नवर्गीकरण गरिएका छन् ।

## २.९ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति असाढ ३२, २०८२ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल

वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ। यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ।

**३ प्रमुख लेखा नीतिहरु**

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक मूल्यका आधारमा तयार गरिएको छ।

- ✓ अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ।
- ✓ परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ।

**३.२ नगद र नगद समान**

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थमा रहेको मौज्दात र माग, तिन महिना वा सोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ। यस्ता नगद तथा नगद समानहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost) मा मापन गरिएको छ।

**३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व**

**क) प्रारम्भिक पहिचान तथा लेखाङ्कन**

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ।

सहकारीले सुरुमा ऋण र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ। ईक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा लेखाङ्कन गरिन्छ। वित्तीय सम्पत्तिको नियमित हुने खरिद र विक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ।

**ख) वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- ✓ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- ✓ बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

- ✓ वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल **(Business Model)**
- ✓ वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

### ३.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ ।

**१. Business Model परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण**

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मूल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

### ३.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफ नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

### ३.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गिकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धिको विवरणबाट सोभै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

ग) **वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

- ✓ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- ✓ Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**३.३.४ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**३.३.५ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गिकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

घ) **वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूर्नवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूर्नवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूर्नवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन ।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूर्नवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूर्नवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूर्नवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

**ङ) वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

**३.३.६ वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा
- ✓ यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त जम्मा मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**३.३.७ वित्तीय दायित्वको निसर्ग**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**च) वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण**

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले ( significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर-१ः- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२ः- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३ः- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु ( assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**छ) वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्ः

- ✓ खराब वित्तीय अवस्था
- ✓ सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ✓ ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- ✓ वत्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

### ३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याज दरले **Discounting** गर्दा हुनआउने रकम बीचको फरकलाई जनाईन्छ। यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकम घटाएर प्रस्तुत गरिन्छ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ।

### ३.४.८.२ एकल ऋर्णको नोक्सानी व्यवस्था

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छः

- ✓ सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- ✓ ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- ✓ भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- ✓ धितोबाट उठ्न सक्ने अनुमानित रकम

### ३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ। सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ। यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ। यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ। उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ।

### ३.४.८.४ पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ। यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याज दरकै आधारमा गरिन्छ। यसरी ऋण

नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**३.४.८.५ NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पीक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरुप, संस्थाले ऋण लगानीमा रु. **७८,७२,१९४** ऋण नोक्सानी व्यवस्था गरेको छ ।

**३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी**

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

**३.४.१० Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई **Discount** गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई **Discount** गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** मापन गर्ने गरेको छ ।

**३.४ लगानी सम्पत्ति (Investment Properties)**

एनएफआएस १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र एनएफआएस ५ (विक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ। लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| कार्यलय उपकरण | ५ वर्ष |
| परिवहन साधन | १० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| अन्य सम्पत्ति | १० वर्ष |
| आर.ओ.यू सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ। ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

**३.६ अदृश्य/अमूर्त सम्पत्ति**

खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ। कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ। सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको परिशोधन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि **५ वर्ष** हो ।

अभौतिक सम्पत्ति विक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.७ आयकर

संस्थाले आयकर लेखाङ्कन **NAS 12 – Income Tax** को प्रावधान बमोजिम गर्ने गरेको छ। आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

### क) चालु कर

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

### ख) स्थगन कर

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

### ३.८ पट्टा दायित्व

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ। NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ। **NFRS 16** अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

**छुटको सुविधा लिन सकिने पट्टाहरु**

- ✓ छोटो अवधि (१२ महिना भन्दा कम) वा
- ✓ अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टमा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ।

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ।

संस्थाले पट्ट्दारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

**आर.ओ.यू सम्पत्ति**

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ। आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन्।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

**पछिको मापन (Subsequent Measurement)**

**आर.ओ.यू सम्पत्ति**

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कंन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको

रकम समायोजन गरी देखाउने गरेको छ। संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ। पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- ✓ पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- ✓ पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- ✓ कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ।

- ✓ आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- ✓ पट्टा दायित्वमा ब्याज खर्च
- ✓ आर.ओ.यू सम्पत्तिको हानी
- ✓ परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिएको छ।

**३.९ सम्भावित दायित्वहरु**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन **NAS 37 – Provisions, Contingent Liabilities & Contingent Assets** को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.१० आयको पहिचान**

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

**३.१०.१ ब्याज आम्दानी**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन ।

**३.१०.२ शुल्क तथा कमिशन आम्दानी**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

### ३.१०.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी ग खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

### ३.१०.४ खुद व्यापारिक आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बज हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल व्यापारिक आम्दानी भने रहेको छैन ।

### ३.१०.५ अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्द बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरम लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानी सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तु

## ३.११ खर्चको लेखाङ्कन

### ३.११.१ ब्याज खर्च

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दारि आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । प्रभावकारी ब्याज गरी ब्याज खर्च लेखाङ्कन गरिन्छ ।

### ३.११.२ कर्मचारी खर्च

अल्पकालीन कर्मचारी खर्चलाई Discount नगरी मापन गरिन्छ र सेवा प्रदान गरेको बखतनै खर्च जनाइन्छ ।

ख) **रोजगार पछिको सुविधा**

**NAS 19** (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर **Due** भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा सुचिकृत गराई सकेको हुनाले कर्मचारी उपदान बापतको सेवा सुविधा रहेको छैन ।

### ३.११.३ पट्टा खर्च

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ। जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेकोछ। यसरी पहिचान भएको आर.ओ( यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ।

### ३.१२ शेयर पूँजी

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ। शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ। संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन।

३.१३ कोषहरु

**जगेडा कोष र अन्य कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड गरिन्छ ।

**NFRS समायोजन कोष**

संस्थाले **NFRS** बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस **NFRS समायोजन** कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ । यस कोष अन्तर्गत ब्याज मुल्तवीबाट जनाईएको ब्याज आम्दानी, स्थगन कर सम्पत्ति बराबरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन् ।

३.१४ **इकाई रिपोर्टिङ (Segment Reporting)**

संस्थाले रिपोर्टिङ इकाई **(Reporting Segment)** को पहिचान गरी **NFRS 8 – Operating Segments** बमोजिम रिपोर्टिङ इकाइको छुट्टै वित्तीय विवरण तयार गरी समष्टीगत वित्तीय विवरणसँग भिडान गरी प्रस्तुत गर्नुपर्ने हुन्छ । छुट्टै इकाई रिपोर्टिङ आवश्यक नभएकाले छुट्टै इकाई रिपोर्टिङ गरिएको छैन ।

# टिपोट

# टिपोट

# टिपोट

# टिपोट

## ख) नैतिक मूल्यहरू:

सहकारीका नैतिक मूल्यहरूले सहकारी र यसका सदस्यहरूबाट समुदायमा प्रदर्शित हुने वा गर्नुपर्ने व्यवहारलाई आदर्श बनाउन मार्गनिर्देश गर्छन् । सहकारी प्रति समुदायको दृष्टिकोण सदैव सकारात्मक बनाउन नैतिक मूल्यका मर्महरूलाई सहकारी र यसका सदस्यहरूले सधै प्रदर्शित गर्नु पर्दछ । नैतिक मूलयहरू सबल मानव चेतनाको सूचक अनि शक्ति हुन । तसर्थ सहकारी तथा यसका सदस्यहरू समुदायको बीचमा नैतिक मूल्यहरू सम्बन्धित छन । यसको परिपुरणबाट नै समुदायमा बलियो संस्थागत स्वरूप कायम गर्दै सहकारी सञ्चालित हुने आधार स्थापित हुन सक्दछ । सहकारी तथा यसका सदस्यहरूको आत्मिय एवं मानविय क्षमताको शक्तिको सिर्जनाको आधार नैतिक मूल्य हुन । निम्न किसिमका नैतिक मूल्यहरूलाई सहकारीले सदैव आत्मसाथ गर्न जरूरी छ ।

### १) इमान्दारिता:

नैतिक मूल्यको महत्वपूर्ण आधार सतम्भ इमान्दारिता हो । सहकारीमा आवद्ध सबै सदस्यहरू इमान्दार हुनुपर्छ । सहकारीका क्रियाकलापहरू पारदर्शी हुनुपर्छ । पारदर्शिता नै सबैमा विश्वास सिर्जना गर्ने महत्वपूर्ण आधार हुन । सहकारी तथा सदस्यहरूले आफ्ना विनिमय, नीति, नियम, कानुन, सिद्धान्त, मूलय तथा नैतिक चरित्र आदि सबैको अनिवार्य पालना गर्नु नै नैतिकता मूल्यको मियो हो । सहकारी तथा यसका सदस्यहरूले समुदायप्रति गरेको प्रतिबद्धता पुरा गर्दा ईमान्दारिता मूल्य प्रदर्शित हुन्छ । ईमान्दारिता नै समुदायमा संस्थाको दिगोपनाको मुख्य आधार हो यसलाई सदैब ख्याल राख्नु पर्दछ ।

### २) खुलापन:

सहकारीको सदस्यता नीति नियमको परिधि अर्न्तगत स्पष्ट र खुल्ला रहन्छ । सहकारीमा सदस्य बन्न तथा सदस्यता त्याग गर्ने सन्दर्भमा सहकारीले जाति, धर्म, वर्ण, लिङ्ग, आस्था, विचार आदि कुनै आधारमा विभेद गर्न हुँदैन । यद्यपी नयाँ सदस्य बनाउने सन्दर्भमा अन्तिम निर्णय साधारण सभाको रहन्छ । सहकारीका गतिविधि तथा सूचनाहरूमा पारदर्शिता तथा यसमा सरोकारबालाहरूको सूचना पहुँच कायम गराउनु खुलापनको महत्वपूर्ण पक्ष हो । समुदायमा सहकारीमा खुलापन रहेको छ भन्ने पूर्ण विश्वास दिलाउनु सक्नु नै खुलापन मूल्यको मूल मर्म हो, यसलाई आत्मसात गर्न जरूरी छ ।

### ३) सामाजिक उत्तरदायित्व:

समुदायका व्यक्ति तथा प्रारम्भिक संस्थाहरूको समुच्च मिलनबाट सहकारी स्थापना हुन हुँदा सहकारी समाज, समुदायको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ । तसर्थ, यिनीहरूले समाजका कुसंस्कार, विभेद सामाजिक असभ्यता हटाउने, वातावरण संरक्षण गर्न सामाजिक उत्तरदायित्व बहन गर्नुपर्छ । साथै सामुदायिक विकासमा सहकारीको जनशक्ति परिचालन गर्न अगुवाई लिन सक्नुपर्दछ । सामाजिवक विकासको लागि गर्नि अगुवाईले सहकारीलाई समुदाय, समाजमा विश्वासिलो संस्थाको रूपमा स्थापित गराउन मद्दत गर्दछ र यसको लाभबाट सहकारी तथा यसका सदस्यहरू समेत लाभान्वित हुन सक्दछन् । सहकारी समुदायमा आधारित संस्था भएको कारण सामाजिक उत्तरदायित्व बहन गर्नबाट सहकारी विमुख हुन सक्दैन, सहकारीको दिगोपनाको महत्वपूर्ण आधार सामाजिक उत्तरदायित्व बहन गर्नु हो ।

### ४) अरूको हेरचाह:

सहकारीले सदस्यहरूका अतिरिक्त समुदायका अन्य व्यक्तिहरूको आवश्यकता र चाहाना समेतलाई ध्यान दिएर कार्य गर्न सक्नु पर्दछ । समुदायका फरक क्षमता भएका (अपाङ्ग), जेष्ठ नागरिक, महिला, असक्त, शोषित पीडित तथा सिमान्तकृत मानिसहरूको लागि सहकारी तथा यसका सदस्यहरूले समभाव, समानुभाव प्रस्तुत गर्न सक्नु नै अरूको हेरचार मूल्य प्रतिको निष्ठा हो । सहकारीले आफ्नो जनशक्ति तथा कार्यक्रमहरूलाई अरूको हेरचाह गर्नतर्फ परिचालित हुन विशेष उप्रेरित गर्न सक्नु पर्दछ ।

# अब सबै सुविधा हातमै




नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.

NAWA SRIJANSHIL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.